# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष ६ अङ्क १० पूर्णाङ्क २४८ २०७८ भदौ १४ गते सोमबार Monday, 30 Aug., 2021 पृष्ठ ८ मूल्य रू. १०/-


## क्रान्तिकारी माओवादीद्वारा कमरेड रामशरण महर्जनप्रति श्रद्धाञ्जली व्यक्त



काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) ललितपुरले पार्टी सदस्य कमरेड रामशरण महर्जनको निधनमा दुःख व्यक्त गर्दै श्रद्धाञ्जली व्यक्त गरेको छ । पार्टी जिल्ला सेक्रेटरी दीपकले एक शोक वक्तव्य जारी कमरेड रामशरणको *बाँकी ७ पेजमा*

# प्रदेश र जिल्लामा संगठन र संघर्षका खाका कोर्दै क्रान्तिकारी माओवादी

काठमाडौं । साउन २८ देखि ३१ मा सम्पन्न पार्टीको केन्द्रीय समितिको स्पिरिट समात्दै नेकपा (क्रान्तिकारी माओवादी) यतिखेर प्रदेश र जिल्लाहरूमा धमाधम संगठन र संघर्षका खाका कोर्नमा व्यस्त बनेको छ । अहिले धमाधम प्रदेश र जिल्लाहरूका बैठकहरू बसिरहेका छन् । पार्टी केन्द्रको गाइडलाइन अनुसार प्रदेश र जिल्लाको सापेक्षतामा निर्णयहरू भइरहेका छन् ।

प्रदेश २ का इन्चार्ज तथा पार्टी पीवीएम रमेशले दिएको जानकारी अनुसार भदौ ८ गते नै प्रदेश २ को बैठक सम्पन्न भइसकेको छ । पार्टीका स्थायी समिति सदस्य तथा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका अध्यक्ष सीपी गजुरेलको प्रमुख उपस्थितिमा भएको बैठकले भदौ महिनाभित्र जिल्लाहरूका बैठक सम्पन्न गर्ने, पार्टी, संयुक्त मोर्चा, जबस मोर्चाका संगठन विस्तार तथा सुदृढीकरण गर्ने, सदस्यता नवीकरण गर्ने र प्रदेश र जिल्लाको सापेक्षतामा जनसंघर्ष, वर्गसंघर्ष र प्रतिरोध संघर्ष उठान गर्न आवश्यक तयारी गर्ने लगायतका निर्णयहरू



गरिएका छन् ।

त्यसैगरी प्रदेश ३ मा भदौको ११ र १२ मा बैठक सम्पन्न भएको छ । पार्टीका स्थायी समिति सदस्य सीपी गजुरेलेको प्रमुख उपस्थितिमा सम्पन्न बैठकमा प्रदेश सचिव प्रवेशले प्रस्तुत गरेको योजना प्रस्ताव छलफलपश्चात परिमार्जनसहित पारित भएको छ । सेक्रेटरी प्रवेशका अनुसार भदौ मसान्तभित्र प्रदेशका १३ वटै जिल्लाका बैठकहरू सम्पन्न गर्ने, पार्टी सदस्यता नवीकरण तथा सदस्यता विस्तार गर्ने, जबस मोर्चा र संयुक्त मोर्चाका भेला बैठकहरू सम्पन्न गर्ने, गठन, पुनर्गठन गर्ने, वैचारिक राजनीतिक प्रशिक्षणहरू सञ्चालन गर्ने, असोज ३ गते कालो संविधानको रूपमा विरोध कार्यक्रम गर्ने, असोज १७ गते सहभोज कार्यक्रम गर्ने, एमसीसी, सीमा अतिक्रमण, जनजीविकाका समस्याहरूका विषयलाई लिएर जिल्लाहरूको सापेक्षतामा *बाँकी ७ पेजमा*

## जनगायक जेवी टुहुरे रहेनन्



काठमाडौं । नेपालको प्रगतिशील सांस्कृतिक आन्दोलनमा बहुचर्चित जनगायक जेवी टुहुरेको हिजो निधन भएको छ । उनी विगत केही महिनादेखि गम्भीर विरामी भई काठमाडौंको बयोधा हस्पिटलमा उपचार गराइरहेका थिए । उपचारकै क्रममा हिजो टुहुरेले यस धर्तीबाट सदाका लागि बिश्राम लिए ।

उनको निधनप्रति श्रद्धाञ्जली व्यक्त गर्दै अखिल नेपाल जनसांस्कृतिक महासङ्घले वक्तव्य जारी गरेको छ । सङ्गठनका महासचिव हिरामणि दुःखीद्वारा जारी वक्तव्यमा भनिएको छ - 'नेपालको मार्क्सवादी सांस्कृतिक आन्दोलनका एक जना हस्ती, कम्युनिस्ट आन्दोलनमा निष्ठा पूर्वक अविच्छिन्न रूपमा जनताका गीतहरू गाउँदै समाज रूपान्तरणको अभियानमा विगत तीसको दशकदेखि कृयाशील जनगायक जे.वी.टुहुरे (जुठबहादुर खड्गी)को हिजो भदौ १० गते उपचारकै क्रममा काठमाडौंमा भएको दुःखद निधनले हाम्रो सङ्गठन अखिल नेपाल जनसांस्कृतिक महासङ्घ दुःखित र स्तब्ध भएको छ । शोकको यस घडीमा मृतक जेबी टुहुरेप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं ।'

जेवी टुहुरेले नेपालको कम्युनिस्ट आन्दोलनलाई उत्पीडित वर्गका जनताको झुपडीमा पुऱ्याउन खेलेको भुमिका अमूल्य छ । उनले गाएका जनगीतहरूमा 'बसाइँ हिँड्ने ताँतीले', 'आमा दिदी बहिनी हो' आदि गीतहरू कालजयी छन् ।

## दार्चुला प्रकरण :

# मानवताविरोधी जघन्य अपराधलाई ढाकछोप गर्दै देउवा सरकार





काठमाडौं । महाकाली तर्ने क्रममा भारतीय सीमा सुरक्षा बल (एसएसबी)का जवानले लट्ठा खुस्काइदिएपछि नेपाली युवा जयसिंह धामी बेपत्ता भएको घटना अनुसन्धानमा देउवा सरकारले सत्यतथ्य ढाकछोप गरि दोषीलाई बचाउन खोजेको खुलासा भएको छ । आफ्नै नागरिक बेपत्ता भएको घटनामा दोषीलाई कारबाही गराउनुको सट्टा नेपाल सरकार घटनालाई ढाकछोपमा लागेको छ ।

'महाकालीपारि खटिएका भारतीयसुरक्षाकर्मीलेनैतुइनकोलट्ठा खुस्काएकै *बाँकी २ पेजमा*

## क्रान्तिकारी माओवादी प्रदेश १ द्वारा श्रद्धाञ्जली व्यक्त

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) प्रदेश १ ले एक शोक वक्तव्य जारी गर्दै पार्टीका प्रदेश सदस्य नगेन्द्र अधिकारीका बुबा रुद्र अधिकारीको निधनमा श्रद्धाञ्जली व्यक्त गरेको छ ।

पार्टीका प्रदेश सेक्रेटेरी उदयले शोक वक्तव्य जारी गर्दै कमरेड नगेन्द्र लगायत शोक सन्तप्त परिवारजनप्रति गहिरो समवेदना व्यक्त गरेको छ ।

मोरङको सुन्दर हरैचा-१० निवासी ७९ बर्षीय रुद्र अधिकारीको बुधबार विराटनगरको सहकारी अस्पतालमा उपचारको क्रममा निधन भएको थियो ।



Communist Party of Nepal (Revolutionary Maoist)

Province Committee

Province No. 1

## नेपाल दलित मुक्ति मोर्चाको बैठक सम्पन्न

# कार्यकारी संयोजकमा टेक बहादुर विश्वकर्मा चयन



काठमाडौं । नेपाल दलित मुक्ति मोर्चाको कार्यकारी संयोजकमा मोर्चाको नेता टेक बहादुर विश्वकर्मालाई चयन गरेको छ ।

अनामनगर स्थित मोर्चाको कार्यालयमा भर्चुअल तथा प्रत्यक्ष सहभागीतामा बसेको नेपाल दलित मुक्ति मोर्चाको बैठकले प्रदेश नं. १ संयोजकमा क. लिला बहादुर विश्वकर्मा, प्रदेश नं. २ संयोजकमा क. सत्यनारायण राम र विशेष विभाग संयोजकमा क. गोपाल विश्वकमालाई चयन गरेको मोर्चाको कार्यालय सचिव समसेरले जानकारी दिएका छन् ।

नेपाल कम्युनिस्ट पार्र्टी (क्रान्तिकारी माओवादी) निकट रहेको नेपाल दलित मुक्ति मोर्चाको राष्टिय सम्मेलन २०७८ चैत ७, ८ र ९ गते (जातीय विभेद उन्मुलन *बाँकी ७ पेजमा*

## धर्मनिरपेक्षता, लोकतन्त्र र सामाजिक सद्भाव

***अन्तरिम संविधानले (२०६३ माघ १ गते) नेपाललाई "धर्मनिरपेक्ष राज्य"को रूपमा अंगिकार गरेको थियो । संविधानसभा १ ले धर्मनिरपेक्ष राज्यको विरुद्ध कुनै कुरा उठाएन । ९ बर्षदेखि नेपाल सबैधानिक हिसाबले नै धर्मनिरपेक्ष राज्य रहिआएको थियो***



● सीताराम तामाङ ●

***१) विषय उठान :***

अहिले "धर्मनिरपेक्ष राज्य"को विरुद्ध यथास्थितिवादी, पश्चगामी र भारतीय मोदी शक्तिले "टुपीदेखि पैतला" सम्मको बल लगाएका छन् । २०६३ जेष्ठ ४ गतेको पुनस्थापित संसदले एक स्वरले नेपाललाई "धर्मनिरपेक्ष राज्य" घोषित गरेको थियो । अन्तरिम संविधानले (२०६३ माघ १ गते) नेपाललाई "धर्मनिरपेक्ष राज्य"को रूपमा अंगिकार गरेको थियो । संविधानसभा १ ले धर्मनिरपेक्ष राज्यको विरुद्ध कुनै कुरा उठाएन । ९ बर्षदेखि नेपाल संबैधानिक हिसाबले नै धर्मनिरपेक्ष राज्य रहिआएको थियो । यसरी संबैधानिक रूपले नै स्थापित भईसकेको धर्म-निरपेक्ष राज्यको मान्यतालाई (संविधान २०७२) विकृति तुल्याएकोछ । अहिले यिनीहरूले संविधानबाट हटाउने कसरत किन गरिरहेका छन् । यसो गर्नमायिनीहरूको स्वार्थके छ ? यही विषयमा यहाँ छलफल गरिनेछ ।

***२) के हो धर्मनिरपेक्षता ?***

पश्चगामी तत्वहरू, यथास्थितिवादीहरू र ब्राह्मणवादीहरूले धर्मनिरपेक्षता कम्युनिष्टहरूको सिद्धान्त हो भन्ने आरोप लगाएका छन् । तर फेरी कम्युनिष्ट हुँ भन्नेहरू नै अहिले "धर्मनिरपेक्षता" हटाउन कस्सिएका छन्, किन ? हामी के कुरामा स्पष्ट हुनु पर्दछ भने पहिले पहिले राज्यहरू धर्मका आधारमा सञ्चालित हुन्थे । युरोपमा धर्म र राज्यको वीचमा "शक्ति संघर्ष" लामो समय चल्यो । अन्ततः राज्य बलियो बनायो र धर्म (चर्च)को अधिकार पूर्णतः कटौति भयो । यसरी राज्य *बाँकी ७ पेजमा*

# नेपालमा नौलो जनवादवारे

● गोरे ●

*कम्युनिष्ट पार्टीको स्थापना*

धेरै भूमिका नबांधि भन्नु पर्दा कम्युष्टि पार्टी साम्यवादी शासन व्यबस्थाको स्थापनाको लागि भएको हो। सन् १८४८ को घोषणापत्र नै कम्युनिष्ट पार्टीको स्थापना थियो। कार्ल मार्क्सले विश्व पुँजिवादी अर्थतन्त्रलाई एक एक अध्ययन गेरर निकालिएको निश्कर्ष थियो समाजवाद हुदै साम्यवादको स्थापना। यसको लागि उनीहरू जो उत्पिडित वर्ग मजदुर, किसान आदि जसलाई सर्वहारा वर्ग भनिन्छ,को शक्तिबाट उनीहरूकै राज्य सत्ता स्थापना गर्नु रहेको थियो। पुँजिपति, औधोगिक कारखानाका मालिक, जमिन्दारहरू पुँजि बृद्धिको लागि साम्राज्यवादी नीतिसँगै ठूलो संख्यामा अमानवीय दास प्रथाको शुरुवात गरे। समय क्रममा औधोगिक विकाससँगै पुँजि बृद्धिको माध्यम मजदुर बन्यो। व्यापारिक कोणबाट उद्योगहरू शहरमा एकत्रित रूपमा स्थापना हुनुको फाइदा मजदुरमा पर्न गयो। दास प्रथामा जस्तो छिन्नभिन्न रहेकाले कहिल्यै संगठित हुन नसक्ने अवस्थाबाट शहरको एकत्रित उद्योगले मजदुरलाई जमघट हुने र चिनजानको माध्यम बनायो। एकले अर्काको समस्या थाह पाउन सफल भए। दास प्रथामा जस्तै मजदुरलाई पनि जीवन चलाउनसमेत कठिन हुने तलब सुबिधा दिइयो। तर यसपालि यो भेदभाव निकै महंगो साबित भयो। शहरको सुबिधा र प्रायः सबै उद्योग एकै क्षेत्र रहने भएको कारण मजदुरहरू संगठित हुने अवसर प्राप्त भयो। त्यसैको फलस्वरूप र कम्युनिष्ट पार्टीको स्थापनाको सिद्धान्त मिल्न जानु संयोग जस्तै बन्न पुग्यो। मजदुरहरूको समग्र पीडा र कम्युनिष्ट पार्टीको सिद्धान्त मिल्नु क्रान्तिको लागि बलियो आधार बन्यो।

सर्वहारा राज्य स्थापनाको लागि युरोपीय देशहरूमा भएको क्रान्ति रुससम्म पुग्दा पूरै परिमार्जन भएको देखिन्छ। रुसमा मजदुर, किसानको साथमा सेना निर्माणमार्फत सशष्त्र आन्दोलन भयो। चीनमा क्रान्तिको रूप परिवर्तन हुन पुग्यो। चीन औधोगिक रूपमा विकसित नभएको र अर्धसामान्ति, अर्धऔपनिवेशिक अवस्थामा रहेको थियो। चिनियाँ जनता त्यहाँको क्रुर शासक र जापान, रुस, फ्रान्स, बृटिशहरूको औपनिवेशिक अवस्थाबाट उत्पिडनमा थिए। तर चीनसंग क्रान्तिको लागि युरोपमा जस्तो संगठित मजदुर र रुसमा जस्तो संगठित किसान थिएनन्, जसको शक्तिबाट क्रान्तिको लागि वातावरण बनाउन सकिन्थ्यो। उनीहरू आर्थिक रूपमा पनि निकै कमजोर थिए। त्यहाँ नयँ सिराबाट क्रान्तिको तयारी गर्नु थियो। यो भनेको पुँजिको विकास नभएको र औधोगिक विकास नभएको देशमा सर्वहारा क्रान्ति गर्नु त्यति सहज थिएन। यस्तो अवस्थामा माओले नयाँ विचारधाराको विकास गरे नयाँ जनवादु। उनको विचार थियो जनता नै सर्बशक्तिमान हुन्। जनताको शक्ति र माओको विचार एक ठाउँमा मिसाएर क्रान्तिको आधार इलाका तयार गरिएको हो चीनमा। जनतासंग भएका सीप, कलालाई प्रयोग गरेर र शहरका इन्जिनियर, डाक्टर, बिद्यार्थी, नेता, कार्यकर्ताहरूलाई सिक्ने र सिकाउने कार्यनीति अबलम्वन गरियो। यसले ग्रामिण इलाका उत्पादनको बलियो आधार बन्न पुग्यो। जब ग्रामिण इलाका बलियो बन्यो र जनतामा पनि विश्वासको वातावरण बन्यो तब राजनीतिक प्रशिक्षणसहितको लालसेना निर्माण गरियो। त्यहांको राजनीतिक विचार र सिद्धान्त जनताकै बीचबाट परिमार्जन र परिस्कृत हुदै बनेको हो। त्यसकारण त त्यहां नेताहरूमा विचलन आउंदा पनि जनता कहिले पनि विचलित भएनन्। होइन भने सांस्कृतिक क्रान्ति कसरी सम्भव हुन्थ्यो र ?

*नेपालमा कम्युनिष्ट पार्टी*

विश्वमा समाजवादी लहरले कुनै पनि देश अछुतो रहन सकेन। देश त के राजनीतिक दलका नेताहरूसमेत समाजवादी विचारबाट निकै प्रभावित हुन पुगे। सोहि विचारधाराबाट प्रभावित भएरै विपि कोइराला झन्डै कम्युनिष्ट भएका थिए भनिन्छ। उनको समाजवादी सिद्धान्त यसैको परिणाम थियो। यहि समाजवादी लहरको एउटा झिल्को थियो नेपालमा कम्युनिष्ट पार्टीको स्थापना। समाजवाद सिद्धान्त र सर्वहारा वर्गको लागि राज्य सत्ता स्थापनामा लाग्नु ब्यबहारिक रूपमा त्यति सजिलो कुरा होइन। पहिलो त ब्यबहारिक रूपमा समाजवादी सिद्धान्त अबलम्वन गर्न र सर्वहारा वर्गलाई राज्य सत्तामा पु(याउने कुरा त धेरै परको कुरा भयो सर्बप्रथम त उनिहरूलाई अधिकार दिन तयार हुनु पर्छ। नेपालका कम्युनिष्टहरूमा समाजवादी सिद्धान्त जप्न जति सजिलो भयो त्यति ब्यबहारिक कार्यान्वयनमा कठिन भयो। यो कठिन हुनुमा नेपाली समाज ब्यक्तिगत स्वार्थबाट बाहिर आउनै नसक्ने गरि जडसुत्रमा फसेको छ। यसबाट बाहिर निस्कन अभिमन्युलाई जस्तै कठिन छ। यसको लागि उसले पहिलो बिद्रोहको सामना परिवारबाटै गर्नु पर्छ। परिवारमा बिद्रोह ? के यो सम्भव छ ? नेपाली कम्युनिष्ट यहि रोगबाट ग्रसित हुन पुग्यो र स्थापना कालको जोशिलो समय र समाजवादी विचारको लहरको समयमा समेत आन्तरिक कलह शुरु भएको इतिहांस छ। एउटा स्वच्छ हृदयले राजनीतिक सिद्धान्तलाई केन्द्रमा राखेर गरिने राजनीतिक संगठनमा त्यति धेरै फाटो आउंछ जस्तो लाग्दैन। अर्को मुख्य कुरा राजनीतिक विचार स्पष्ट भएपछि देशको भौगोलिक परिस्थिति, अन्तर्राष्ट्रिय परिस्थिति, सामाजिक संरचना, आर्थिक अवस्था, धार्मिक, सांस्कृतिक परिस्थितिलाई मूल्यांकन गरेर त्यसै अनुसारको रणनीति तय गर्न सक्ने हो भने क्रान्तिको लागि वातावरण बन्न कुनै कठिनाई देखिदैन। जुन कुरा विश्व मानचित्रमा भियतनाम, चीन, क्युवा आदि देश उदाहरणको रूपमा सांक्षी छन्। जब व्यक्तिगत स्वार्थ हाबी हुन्छ तब जति सुन्दर सिद्धान्त भएता पनि असफल हुन्छ। नेपालको कम्युनिष्ट पार्टीमा यहि नियम लागू भएको छ। ब्यक्तिगत स्वार्थ कतिसम्म हाबी छ भन्ने कुराको केहि झलक प्रस्तुत गर्नु उपयुक्त होला। प्रदेश बिभाजन र नामाकरणको रस्साकस्सीको समयमा पश्चिममा थारुहरूले थरुहत राज्य माग गर्दै आन्दोलन गरिरहेका छन्। उता माओवादीकै नेता लेखराज भट्ट पश्चिम टुक्र्याउन पाइदैन भन्दै समर्थनमा सहभागी छन्। प्रचण्ड, वावुरामलाई आदिवासि/जनजातिको हक अधिकारको कुरा गर्दा गोत्र हत्याको आरोप लगाइन्थ्यो र उनिहरूका जातिबाट सत्तोसराप गरेको समाचारमै आउंथे। चारैतिरको दबाव र गोत्र रक्षाकै खातिर प्रचण्ड, वावुराम माओवादी बिसर्जन गर्न पुगेनन् मात्र पहिलो संबिधान सभालाई समेत बिघटन गर्न पुगे। यता क्रान्तिकारी पार्टीभित्रका केहि कार्यकर्ता भन्छन् मेरो सन्तानलाई धोखा दिन चाहन्न। अनि नेत्रबिक्रम चन्दद्वारा नेतृत्व गरेको पार्टीबाट क्रान्तिको मोडलको रूपमा एकिकृत क्रान्तिको नारा घन्किन्छ। त्यति मात्र होइन समाजवादको विषयमा जनमत संग्रह हुनु पर्छ।

यो समग्र विषय वस्तुलाई केलाउंदा के कुरा प्रष्ट हुन्छ भने आफु नेतृत्वमा आउनको लागि जस्तो पनि हर्कत गर्न तयार हुने नेपाली राजनीतिक दलहरूको दीर्घ रोग हो। यो रोग कम्युनिष्ट पार्टीमा बढि हाबी छ। त्यसैकारण नेपालमा कम्युनिष्टहरू सबभन्दा बढि फुट्ने र केहि दवावम!लक कामगर्ने अनि राजनीतिक भागबण्डामा संसदीय भासमा बेलाबखत आउने पिण्डो पाउन तछाड मछाड गर्ने।

*नेपालमा नौलो जनवाद*

नेपालमा नौलो जनवाद सम्बन्धि खासैजति आवश्यक पर्दछ, त्यती विचारविमर्श गरेको पाइदैन। सशष्त्र बिद्रोहको कुरा उठ्यो र १० वर्षे बिद्रोह पनि भयो। तर नेपाल जस्तो खासगरि बृटिश कम्पनीसंग सन् १८१६ को सन्धिपछि अर्धऔपनिवेशिक अवस्थामा फस्न पुगेको देशमा यस विचारले कार्यनीनिक रूपमा प्रवेश पाएन। सिद्धान्तगत रूपमा देखा परेको बिचार ब्यबहारिक रूपमा लागू गर्ने सवालमा सधैं कमजोर देखियो। अझ अनौथो कुरा त के भैदियो भने नेपालका कम्युनिष्ट पार्टीमा मदन भण्डारीको नाम महान नेताको रूपमा अग्रपंक्तिमा आउंछ। उनले प्रतिपादन गरेको बहुचर्चित सिद्धान्त हो जनताको बहुदलिय जनवाद। बहुदलिय ब्यबस्था भन्नु र संसदीय ब्यबस्था भन्नुमा के अन्तर छ र ? नेपाल जस्तो पुँजिको विकास नभएको र ग्रामिण उत्पादनको बजार खोसिएर आर्थिक अवस्था नै कमजोर बन्दै गइरहेको अवस्थामा नौलो जनवाद प्रमुख सिद्धान्तको रूपमा उदाउनु पर्ने थियो। सर्वहारा वर्गको अति उत्पिडन भएता पनि अति गरीविको कारण भोको पेटमा क्रान्तिको कुरा स्वर्गको बखान जस्तै हो। त्यो वर्गलाई क्रान्तिमा जोड्नको लागि सहकारी, उत्पादन, बजारीकरण र विचारमा एकाकार हुनु पर्ने थियो। जनता र राजनीतिक सिद्धान्तबीच एकरूपता भएन भने क्रान्तिले उल्टो धक्का खान पुग्छ। अथवा भनौं जनता र क्रान्तिकारी सिद्धान्तबीच मेल हुनु अति आवश्यक छ। नेपालमा जनता एकातिर राजनीतिक दल अर्कोतिर जस्तो अवस्था छ। जनताको समस्यालाई हल गर्ने भन्दा केहि स्वार्थीहरूलाई जम्मा गरेर जनता भन्दै उफ्रने नेपालको राजनीतिक दल आजपर्यन्त उस्तै रोगबाट ग्रसित छ। नेपालमा क्रान्ति गर्ने शक्तिको रूपमा न त किसान, मजदुर शसक्त छ न त राजनीतिक विचारले निखारिएको सेना छ। किसान असंगठित र अव्यबस्थित छ र उसको उत्पादन बजारमा मूल्यहिन छ। मजदुर ठेकेदारी कम्पनीमार्फत थोरै ज्यालामा जोतिन बाध्य छ। उसको जागिरको अबधि निश्चित छैन। कतिखेर उसको जागिर जान्छ भन्ने तनावबीच काममा जानु पर्छ। यस्तो अवस्थामा जनतालाई नै शक्तिको केन्द्र मानेर राजनीतिक कार्यनीति अनुसार कार्य गर्नु नै नौलो जनवादको सहि प्रयोग हो।

*नेपालका राजनीतिक दल*

नेपालमा राजनीतिक दल भन्नासाथ माथि उल्लेख गरिए झैं प्रायः सबै ब्यक्तिगत स्वार्थभन्दा बाहिर जान सकेका छैनन्। नेपाली समाजले यस्तोसम्म घृणित परिघटना भोग्न बाध्य छ कि रबिन्द्र मिश्र जस्तो बौद्धिक र सचेत राजनीतिक नेताले समेत राजा चाहिन्छ भन्छन् भने अर्को बिकृतिको पराकाष्ठा खोज्न कहां जाने ? यो एउटा ब्यक्तिगत स्वार्थको पराकाष्ठा हो।

नेपालको बहुसंख्यक राजनीतिक दल यत्तिमा मात्र सिमित छैनन्। केही दलहरू त वैदेशिक एजेन्टको रूपमा कार्यरत छन्। भारत, अमेरिका, युरोप जस्ता विस्तारवादी देशका एजेन्टका रूपमा बैधानिकताको लागि निर्वाचन आयोगमा दल दर्ता गरेका छन्। यिनीहरूको काम उनिहरूले जे भन्छन्, जे आदेश दिन्छन् त्यहि गर्ने हो। त्यसैको प्रतिफल स्वरूप देशका प्रधानमन्त्रीसहित राजनीतिक दलका प्रमुख नेताहरू सबै सामुहिक रूपमा होलि वाइन पिउन बाध्य भएको घटना ताजै छ। भारतले नेपालको कार्यपालिकामा सिधै हस्तक्षप गर्छ। तरकारी भित्रिन बन्द नगर्नु भन्छ। विषादी चेकजांच नगर्नु भन्छ। आदेशले मात्र पुगेन भने भारतीय व्यापारीको सिधै मन्त्री कार्यकक्षमा प्रवेश हुन्छ। भनेको नमान्दासाथ मन्त्री पद जान्छ। कहां, कसलाई नियुक्ति गर्ने र कहां कस्तो विकासको मोडल बनाउने सबै उनिहरूकै आदेश चल्छ। वास्तवमा नेपालमा राजनीतिक दल नेपाली जनतासंग जोडिएर उनिहरूको समस्या हल खोज्ने गरि ब्यबहारिक कार्यनीति छैन। कागजी कार्यनीति त आकासको तारा खसाल्न सक्ने बनेका छन्।

सच्चा क्रान्तिकारी दलमा समेत ब्यबहारिक कार्यनीति एकदम कमजोर छ। नेपाली राजनीतिमा आम समस्याको रूपमा रहेको यो रोग सानो क्रान्तिले परिवर्तन हुने देखिदैन। कृष्णदास श्रेष्ठले भनेजस्तै क्रान्तिभित्र क्रान्तिको नीति अबलम्वन नगरि परिवर्तन आउने सम्भावना कम छ। कार्यकर्तामा विचारशुन्य अधिक समस्या देखिएको छ। विचारको ज्ञानमा कमी हुनासाथ नेतृत्वप्रति सहि गलत भन्दा पनि वफादारी प्रबृत्ति हाबी हुन जान्छ। अर्को प्रमुख कुरा के भने नेपालका संसदीय दलका विदेशी एजेन्ट जस्ता राजनीतिक दलप्रति आक्रोशित हुदै गाली गर्नुको कुनै तुक छैन। यिनीहरूले त विदेशी प्रभुहरूले भनेका आदेश पालना गरेका हुन्। फेरी हामीले भनेर उनिहरूले छोड्ने पनि होइनन्। किन कि उनीहरू त्यसैका लागि राजनीति गरेका हुन्। हामीले अब उनीहरूलाई होइन नेपाली जनतालाई गाली गर्नु पर्छ। उनीहरूका बिरुद्ध आन्दोलनका लागि तयारी गर्न जनतालाई आव्हान गर्ने होइन कि उनीहरूसंगै बसेर तयारी गर्नु आवश्यक छ। यदि नेपाली जनता विकास भएको देख्ने चाहना छ भने विदेशी डोनर (विदेशी आयोजना) बन्द गर्नु पर्छ। यो विदेशी सहयोग जुन जुन देशमा सक्रिय छ त्यहां त्यहांको देश गरिवमा पिल्सिन बाध्य छन्। यसले भ्रष्टाचार, अनियमितता मात्र बढाएको छैन विकासको काम समेत निराशा हात लागेको छ। यसले नेपालका स्थानीय नीति, नियम, सीप, कला, उत्पादनलाई हतोत्साही बनाएको छ। यदि विदेशी सहयोग लिने हो भने कार्यालय खोलेर सहयोग होइन प्रबिधि र प्रत्यक्ष विकास माग गरौं। विकासमा सहयोग लिने कार्यले देशलाई कति छिट्टै धनी बनाउंछ भन्ने उदाहरण मलेशिया हेरे पुग्छ। त्यसैले विदेशी सहयोग आजैको मितिदेखि बन्द गर्न पहल गरौं। आफ्नो देशको विकास नेपाली जनता आफै गरौं। नौलो जनवादको प्रयोग ग्रामिण इलाका, सुकुम्वासी, उत्पिडित जाति, क्षेत्र, लिङ्गबाट शुरु गर्न ढिला नगरौं।

# नेपालमा भूमि र कृषिका विद्यमान गतिरोधःसंक्षिप्त समीक्षा

❑ **उमानाथ रिजाल**

नवउदारवादी विश्व व्यवस्थाको बिस्तार र प्रभावबाट नेपाल पनि अलग रहन सकेको छैन। साम्राज्यवादले नयाँ परिवेशमा रूप फेरेर नव औपनिवेशिक हत्कण्डाहरूको विश्व संजाल फैलाई रहेको अवस्थामा विचौलिया दलाल पुँजीवादमा रूपान्तरण हुदै गरेको नेपालको सामन्तवाद भूमि र कृषिको रूपान्तरण, आधुनिकी करण, विविधिकरण र व्यवस्थापनमा वाधक रहेको विषय हालका राज्यको तर्फबाट प्रतिपादित नीति निर्णयहरूले प्रष्ट पार्दछन्। दलाल पूजीवादी अर्थ राजनीति एवं प्रशासनिक तहहरूको संस्थागत संरचना, परम्परागत सामन्ती एवं नोकरशाही परिपाटीबाट अर्थ तन्त्रको मेरुदन्ड कृषि र भूमि व्यवस्था आक्रान्त छ। अधिकांश श्रोत साधनहरूको तहगत अपचलन हुने परिपाटी अंत गरी नयाँ संस्थागत संरचना सहितको विधि पद्धति वसाल्दै आमुल रूपान्तरण तर्फ लाग्नु पर्ने अवस्थामा वैज्ञानिक र क्रान्तिकारी भूमिसुधारको व्याख्या र नारा बोकेर सत्तामा पुगेका कम्युनिष्ट भनिएका पार्टीहरूले पनि विचौलिया दलाल पुँजीवादी अभ्यासमा रमाउदै नवउदारवादी साम्राज्यवादको पछुवा वन्नु विडम्वनाभएको छ। नव उदारवाद साम्राज्यवादको नयाँ भेरियन्ट हो यसले दलाल पुँजीवाद (क्रोनी क्यापिरालिजम)सँग संक्षय राख्दछन्। इण्डो प्यासिफिक रणनीति र मिलेनियम च्यालेञ्ज कर्पोरेशन (एम सी.सी.)को ऐनामा ठूला मानिएका कम्युनिष्ट पार्टीहरूको अनुहार हेर्दा मात्र पनि धेरै कुरा छर्लङ्ग हुन्छ।

वैज्ञानिक भूमि सुधार नयाँ जनवादी क्रान्तिको अर्थ राजनीतिक पाटो हो र समाजवाद तर्फ संक्रमण गर्नु पूर्वको कृषि र भूमि को न्यायपूर्ण र वैज्ञानिक व्यवस्थापन हो। पंचायती व्यवस्थामै राजा महेन्द्रले जमिनदारी प्रथाको उन्मुलन गर्ने भनेर कृषि भूमिमा हदवन्दी तोकी दर्तावाल जोताहा मोहिलाई मोहियानीहक मार्फत भूमि माथी आंशिकहक दिलाएका थिए। ठूला जमिनदारहरूलाई व्यवसायिक फर्म संचालन गर्ने उद्धेश्यका लागि विक्री वितरण गर्न नपाउने, तोकिएको फर्मको सदुपयोग नभए राष्ट्रियकरण गर्ने कानुनी शर्तमा हदवन्दी छुट जग्गा दिइयो। कतिपय फर्महरू उद्धेश्य अनुरूप संचालित छन्, कतिपय उद्धेश्यविपरित दुरूपयोगमा छन्। विकसित शहरहरूको आसपासका जग्गाको अत्याधिक मुल्य बडेर आएपछि त्यस्ता फर्महरू दुर्गम र सस्तो जग्गा तीर स्थानान्तरण गर्न धेरै वर्ष अघिदेखि भूमाफियाहरूको चलखेल भएर केहिठाउमा सट्टामा जग्गा स्थानान्तरण पनि भए छन्। कानुनी अडचनले त्यो कार्य पूर्ण सफल हुन सकेको थिएन। हाल आएर संघीय लोकतान्त्रिक गणतन्त्रका सारथी पार्टीहरूले खासमा नेपाल कम्यूनिष्ट पाटी (ने.क.पा.)ले प्रचलित कानुन संसोधन गरी भूमि र फर्महरूको हदवन्दी र व्यवस्था उल्टाउदै वहुमुल्य र दुरूपयोग भएका जग्गा राष्ट्रियकरण गर्नुको सट्टा विक्रीवितरण गर्न,सट्टामा स्थानान्तरण गर्न छुट दिएर क्रान्तिकारी भूमिसुधार को रेकर्ड ब्रेक गरेका छन्। त्यस्तो छुटको नीतिनिर्णय गरेवापत कहाँ कहाँ कति कति सम्पतीको भाग बण्डा, कमिसन र पहुचको पजनी हुन सक्छ भनेर सोझै अनुमान गर्न सकिन्छ। यो नीति निर्णय नीतिगत भ्रष्टचारको ठूलो प्रकरण हो। यसरी नै विचौलिया दलाल र तिनका कम्पनीहरूलाई छ बर्ष पछि लागू हुने शर्तमा पहिला नै सरकारी सार्जनिक जग्गा व्यवसायिक प्रयोजनका लागि भनेर कौडीको दाममा सुम्पीएका यतिहोल्डीङ, ओम्नी जस्ता कम्पनीसंगको हिमचिम, भूमिगत व्यवहार र सम्बन्धले पनि तिनको राम्रै पहिचान दिलाएका छन्।

भूमि श्रोत आधारभूत प्राकृतिक श्रोत र अर्थतन्त्रको मेरुदण्डहो भूमिको वैज्ञानिक व्यवस्थापन मार्फत न्यायपूर्ण वितरण र अधिकतम उत्पादन सुनिश्चित गर्ने कार्य नै भूमिसुधार हो। हदवन्दी तोक्नु, कसैको जग्गा खोसेर कसैमा वाँड्न मोहिहकको आंशिक स्वामित्व तोक्नु मात्रै भूमि सुधारको पूर्णता हैन। कृषि भूमि समेत सबै प्रकारका भूमिको मापन मुल्यांकन वर्गीकरण र विष्लेषणका आधारमा भूमिनीति तय गरी भूउपयोग योजना, हदवन्दी, चक्ला बन्दी कर प्रणाली तथा कृषि भूमिका क्षेत्रगत योजनाहरूमा कृषिकर्मको अभ्यास मार्फत कृषिको आधुनिकीकरण विविधिकरण विशिष्टी करण एवं व्यवसायि करणको व्यवस्था मिलाउनु पर्छ। भूमिको वैज्ञानिक व्यवस्थापनकालागि प्रचलित विधि पद्धति र प्रविधिको विकास संसारमा भएको छ। धेरै विकसित देशहरू पुँजीवादी देशहरूमा समेत भूमि श्रोतको वैज्ञानिक मुल्यांकन र वर्गीकरण मार्फत व्यवस्थापन-भूमिसुधार गरेका छन्।

२०७२ सालमा पारित भू-उपयोग नीति र २०७५पारित भूमि नीतिले भूमि श्रोतको मापन मुल्यांकन र वर्गीकरणको वैज्ञानिक विधि अवलम्बन गरेको छैन। कृषि भूमिको वर्गीकरण नगरी समग्र भूमिको एउटा वर्ग मान्दा भूमिको हदबन्दी, करप्रणाली कृषिका योजना, मूल्यांकन आदिमा न्यायपूर्ण व्यवहार हुँदैन पहाडी भिरालो र उत्पत्यकाका समतल कृषिभूमि एकै दर्जाका हुन सक्तैनन्, तराईका वगरे खेत,होली,भीट,चौनी,माडीहरूलाई एउटै दर्जामा राखी व्यवहार गर्नु युक्तिसँगत छैन। यो वैज्ञानिक विधि हैन हचुवा तरिका हो। मल्लकालदेखि प्रचलनमा रहेको अब्वल, द्धयम, सीम, चाहार र पछि पञ्चायती भूमि सुधार र नापी नक्सामा प्रयुक्त ७,८ प्रकारका भूमिको बर्गीकरण पनि अचेलको वर्गीकरणमा छैन। भूमिनीतिको आधारमा भू-उपयोग नीति वनाउनु पर्नेमा उल्टो भएको छ र अव ७२सालको भूउपयोग व्यवस्था र वर्गीकरण लागूहुन नसक्ने अवैज्ञानिक र अव्यावहारिक भैसकेको छ। नयाँ सिराबाट भूमि श्रोतको वैज्ञानिक अध्ययन वर्गीकरण र व्यवस्थापन आवश्यक छ।

विगतमा धेरै पटक भूमिहिन सुकुम्बासीहरूलाई आयोजग मार्फत ऐलानी पर्तिजग्गा वितरण गर्ने कार्य भए, अझै यो समस्या विकराल छ। भूमिहिन सुकुमवासीको पहिचान खुल्ने कुनै वस्तुगत विधि अवलम्वन गरिएको पाइन्न। हचुवा विधि र पहुचको भरमा अन्यत्र पनि थातवास, जग्गा जमिन हुनेहरूले मुल्यवान जग्गा पाएका उदाहरण छन्। हाल पनि भूमि आयोग मार्फत सुकुम्वासी, अव्यवस्थित वसोवासी, सीमान्त समुदाय तथा दलित वर्गलाई भूमिघर घडेरी दर्ता गरिदिने भनेर पालिका तथा आयोग मार्फत तथ्यांक संकलन भैरहेका छन्। दश वर्ष अघिदेखी बसोवास र खेती कमाई गरिआएकाहरूलाई त्यसैठाउमा जग्गा दर्ता गरिदिने भनिएको छ। अन्यत्र जग्गा जमिन घरघडेरी हुने नहुनेको पहिचान तथ्यांक संकलनले गरेको छैन। पचासौ वर्ष देखि वसोवास खेतिकमाई गरिआएका चुरेक्षेत्र, भित्री मधेस, पहाडी, हिमाली क्षेत्रका संवेदनशील र सिमान्त भूमिहरूको नापी नक्सा नै भएको छैन। त्यस्ताक्षेत्रमा पनि भूमाफियाहरूको चलखेल बड्दो छ। ढुंगा,गिटी,बालुवा झिक्ने भनेर जथाभावी प्राकृतिक श्रोतको दोहन भएर वाडी पहिरो तथा तराईको मरुभूमिकरण हुने समभावनालाई रोक्नु आवश्यक छ।

कृषको आधुनिकी करण गर्ने सिलसिलामा जमिनका ठूला चाक्लावन्दीमा सहकारी संस्थागत संरचना मार्फत सामुहिक खेती र कोठेवारी (किचन गार्डेन) तथा अन्य स-साना टुक्रा जमिनमा पारिवारिक खेतीको परम्परामा कृषि अर्थ व्यवस्था संचालन हुनु आवश्यक देखिन्छ। ... गुठी लगायत सबै प्रकारका सामन्ती भूस्वामित्वलाई अन्त्य गरी जोताहा किसान, कृषि मजदुर र आधारभूत कृषक समुदायको सामुहिक सहभागिता संलग्नता र सम्वन्धमा (स्वामित्वमा) कृषि भूमिको व्यवस्थापन गरीनु आवश्यक छ।


हरित क्रान्तिको नाममा नव उदारवादी वहुराष्ट्रिय कम्पनीहरूले विस्तार गरेको व्यापारिक संजालद्धारा प्रवर्तित वर्ण शंकर बीउ-विजन, रासायनिक मल, विषदि आदिको व्यापक प्रयोग ले भूमि, कृषि,जनस्वास्थ्य तथा सम्पूर्ण पर्यावरण नै दुषित हुन गैरहेकाले स्थानीय परम्पराका मौलिक वाली बीउ-विजन, प्राङ्गरिक मल, विषदी समेतको अर्गानिक कृषि प्रणालीको प्रवर्धन गरिनु आवश्यक छ। बहुराष्ट्रिय कम्पनीहरूले तिनका नश्लन सुधार गरिएका बीउ-विजनको प्रयोगशाला नेपाललाई बनाइरहेका छन् भन्ने चर्चा निकै अघिदेखि छ। त्यस्ता जी.एम.ओ. परीक्षणका कृयाकलापले पनि कृषि भूमिमा हानी नोक्सानी पुऱ्याउछ।

कृषि र भूमि सम्बन्धी कार्य गर्नु,संघ,प्रदेश तथा पालिकाहरू विच कसले के गर्ने भन्नेमा प्रष्ट उल्लेख पाइदैन। तीन तहका सरकारहरू विच समन्वयको अभाव प्रष्ट छ। चालुरहेको कृषि कार्यक्रम प्रधान मन्त्री कृषि आधुनिकीकरण आयोजनामा खास क्षेत्रमा निश्चित वालीको उत्पादन प्रवर्धन गर्न योजना गरिएका क्षेत्र-सुपर जोन, जोन बल्क तथा पकेट क्षेत्र तथा अन्य परम्परा गत चलिआएका कार्यक्रमहरूमा जग्गावाला धनी किसान, विचौलीया ठेकेदारहरूको हलीमुहाली रहने व्यवस्था छ। कृषि मजदुर तथा आधारभूत कृषकहरूको संलग्नता सहभागिता र स्वामित्वको अवस्था कमजोर रहेको छ। भारतीय सीमाक्षेत्रको नजिक संचालित आयोजनामा विदेशी विचौलिया ठेकेदारहरूले जग्गा भाडामा लिई अनुदान, प्रविधिक सेवा, सुविधा तथा नाफा सीमापारी लैजाने प्रवृत्ति देखिएको छ। आधुनिकीकरणकालागि सेवा प्रदायक संस्थाहरू शसक वर्ग र पदका नाममा चन्चालन गर्नु पनि सामन्ती मानसिका हो। स्थानीय पहिचानका आधारमा नामाकरण गरिनु पर्छ।

इण्डो प्यासिफिक स्ट्राटेजी नामको सामरिक सैनिक गठवन्धनको अभिन्न अंग मिलेनियम च्यालेञ्ज कर्पोरेसन सँगको प्रस्तावित संझौता अनुमोदन भै कार्यन्वयन भएमा नेपाल चीन विरोधी अमेरिकी सैनिक गठबन्धनको छातामुनि पुग्छ। संझौताका असमान प्रावधानहरू औपनिवेशिक हत्काण्डाहरू भएको जगजाहेर छ। यो संझौता अन्तर्गत आउने भनिएको पैसा नेपाली जनता र राष्ट्रको हितमा खर्च हुने छैन, नेपालमा उत्पादित विद्युत जनताका उद्योग, व्यवसाय सेवा तथा कृषि क्षेत्रलाई उर्जि ल्याउने र सिंचित गर्ने हैन। उत्पादित जलविद्युत कौडीको भाउमा भारत लैजान विद्युत ट्रान्समिसन लाईन निर्माण गरी नेपालदेखि भारतको गोरखपुर सम्म पुऱ्याउने हो। उत्पादित विद्युत को उपयोग देशभित्रका उद्योग, व्यवसाय सँचालन, कृषिमा सिँचाई, यातायात र संचार क्षेत्रमा प्रयोग गरेर वस्तु र सेवाहरूमा मुल्य अभिवृद्धि गरी आत्मनिर्भरता तर्फ डोऱ्याउने बाटोमा लगाउनु पर्छ। बस्तु र सेवाको आयात प्रतिस्थान गनु पर्छ। सरकार र पार्टीहरूले असमान प्रावधान का बुँदा सच्च्याई संझौता अनुमोदन गर्ने भन्दै गरेको कुरा राष्ट्रघाती हुन्छ। संझौताका असमान बुदा संशोधन हुनेवाला छैनन् अतः एम.सी.सी. विना सर्त अस्वीकार गर्नु आवश्यक छ।

# १२३ मध्ये १२ वटा भाषालाई मात्र सरकारी कामकाजको भाषा तोक्ने तयारी

काठमाडौं । भाषा आयोगले सातै प्रदेशमा सरकारी कामकाजको भाषा सिफारिस तयारी गरेको छ । आयोगले राष्ट्रिय जनगणना २०६८ को तथ्यांकका आधारमा कामकाजी भाषा तोक्न लागेको हो । आयोगले प्रदेशको जनसंख्या, भाषा बोल्नेको संख्या, एकभन्दा बढी पालिकामा बोलिने भाषा, ऐतिहासिकता, पहिचान, लेखन प्रणाली विकास र प्रयोगलाई प्रमुख आधार मानेर कामकाजको भाषा तोक्ने तयारी गरेको छ । यस आधार अनुसार वक्ता संख्या अधिक रहेका मैथिली, थारू र मगर भाषा दुई-दुई प्रदेशमा लागू हुने देखिएको छ ।




एक लाखभन्दा बढी वक्ता रहेका भाषा प्रदेशगत रूपमा सिफारिसयोग्य मानिएका छन् । जसमा प्रदेश १ मा मैथिली, लिम्बू र बान्तावा भाषा छन् । प्रदेश २ मा मैथिली र भोजपुरी, वाग्मती प्रदेशमा तामाङ र नेवारी छन् । त्यसैगरी, गण्डकी प्रदेशमा मगर र गुरुङ भाषा, लुम्बिनीमा थारू (डगौरा) र अवधी छन् । कर्णाली प्रदेशमा मगर र खस-नेपाली भाषा र सुदूरपश्चिममा डोट्याली र थारू (राना) भाषा छन् ।

सरकारी कामकाजको भाषालाई व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकामा विशेष भाषाका रूपमा प्रयोग गरिन्छ । आयोगका अध्यक्ष डा. लवदेव अवस्थीले संवैधानिक व्यवस्थाअनुसार बहुसंख्यक जनताले बोल्ने एक वा एकभन्दा बढी भाषा सरकारी कामकाजको हुन सक्ने गरी सिफारिस प्रक्रिया अघि बढाएको बताए ।

तथ्यांकअनुसार मुलुकमा एक सय २३ भाषा छन् । आयोगले पछिल्लो पटक थप ८ वटा भाषा पहिचान गरेको छ । तीमध्ये एक लाखभन्दा बढीले बोल्ने १९ वटा छन् । जसमा शेर्पा, राजवंशी, राई, बज्जिका, उर्दू, अछामी, बैतडेली भाषा सरकारी कामकाजको भाषा बन्न नसक्ने जनाइएको छ । तथ्यांकमा राई भाषा एक लाख ५९ हजार एक सय १४ उल्लेख छ । तर, 'राई' जातिमात्र रहेको छुट्टै राई भाषा नरहेको भाषाशास्त्रीले उल्लेख गरेका छन् ।

प्रदेश १ मा १० वटा भाषा एक लाखभन्दा बढीले बोल्ने गरेको तथ्यांक छ । यो प्रदेशको आदिवासी राजवंशी जातिले बोल्ने राजवंशी भाषा एक लाख २१ हजार २ सय ९१ ले बोल्ने गरेका छन् । यो भाषा विकासमा पछाडि रहेकाले सरकारी कामकाजको सिफारिसयोग्य मानिएको छैन ।

यसै प्रदेशमा शेर्पा भाषा बोल्नेको संख्या एक लाख १४ हजार ८ सय ३० छ तर वक्ता बाँडिएका कारण सरकारी कामकाजको सिफारिसमा परेको छैन । प्रदेश २ मा बज्जिका भाषा बहुसंख्यक ७ लाख ९३ हजार ४ सय १६ ले बोल्छन् । अभिलेखीकरण र विकास नभएकाले सिफारिसमा परेको छैन । त्यसैगरी उर्दू भाषा बोल्नेको कुल संख्या ६ लाख ९१ हजार ५ सय ४६ छ । यो पनि कामकाजको भाषामा पर्न सकेको छैन । बैतडेली, अछामी भाषाका वक्ता संख्या बाँडिएर रहेकाले सरकारी कामकाजको भाषामा सिफारिस भएको छैन ।

आयोगले भाषाहरूको तथ्यांक विश्लेषण र स्थलगत अध्ययन गरेको जनाएको छ । लोपोन्मुख, सीमान्तकृत, अति सीमान्तकृत भाषालाई विशेष प्राथमिकतामा राख्न आयोगले स्थानीय सरकारको ध्यानाकर्षण गराएको छ । संकटमा परेका २९ भाषाको सर्वेक्षण, नमुना विकास, लोकवार्ता संकलन कार्य भएको छ । भाषाशास्त्री प्रा. माधवप्रसाद पोखरेलले विगतको जनगणनाको तथ्यांक भाषाको सन्दर्भमा मिथ्यांक सावित भएको बताएका छन् ।

आयोगका उपसचिव डा. लोकबहादुर लोप्चनले प्रत्येक प्रदेशमा विज्ञ र स्थानीयबीच भएको छलफलबाट सिफारिस प्रतिवेदन बनेको हो । आयोगले प्रदेशको भाषा अध्ययन, अनुसन्धान र विश्लेषणका निम्ति भाषाविद्‌सहितको प्रदेशगत प्रतिवेदन समिति पनि बनाएको छ ।

# अदालतमा १ लाख २० हजार ७७५ मुद्दा किनारा लाग्न बाँकी, बेरुजु पनि उस्तै

काठमाडौं । अदालतमा १ लाख २० हजार ७७५ मुद्दा किनारा लाग्न बाँकी देखिएको छ । प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबराले बारम्बार मुद्दा फछ्र्योट दर बढाउँछौं भने पनि शीघ्र न्याय पाउने आमनागरिकको अपेक्षा झन् झन् दुरुह बन्दै गइरहेको छ ।

सर्वोच्चले मुद्दा फछ्र्योटको लागि आर्थिक वर्ष ०७६/७७ देखि ०८०/८१ सम्मका लागि चौथो रणनीतिक योजना नै बनाए पनि को लक्ष्य एकातिर भए पनि कामचाहिँ अर्कोतिर भइरहेको छ ।

गत वर्ष सर्वोच्च अदालत र मातहत अदालतहरूमा अघिल्ला वर्षहरूबाट जिम्मेवारी सरेर १ लाख ४ हजार ४६७ समेत कुल ३ लाख १४ हजार २८० मुद्दा थुप्रिएका थिए । यसमध्ये १ लाख ९३ हजार ५०५ मुद्दा फर्छ्योट भए पनि १ लाख २० हजार ७७५ मुद्दा किनारा लाग्न बाँकी छन् । रणनीतिक योजनामा मुद्दा फर्छ्योटको अवधि निर्धारण गरिए पनि तीनै तहको अदालतमा २ वर्ष नाघेका मुद्दाको संख्या मात्रै १७ हजार २१८ रहेको बताइन्छ ।

कोभिड-१९ महामारीलगायत असहजताको सामना गरिरहेको अदालतले न्यायाधीश र कर्मचारी रिक्तताबाट पनि उत्तिकै समस्या झेलिरहेको छ । देशभरिका तीनै तहको अदालतमा ४३५ न्यायाधीशको दरबन्दी छ, तर अहिले यसमध्ये ३७ रिक्त छन् ।

यो संख्या गत जेठसम्मको भएकाले त्यसयता अझै धेरै न्यायाधीश रिक्त भएका छन् । प्रशासकीय कर्मचारीको अभाव पनि अदालतले झेलिरहेको छ । तीन तहका अदालतमा प्रशासकीय कर्मचारीहरूको कुल दरबन्दी ५ हजार ७८६ रहेकोमा १ हजार ९०९ दरबन्दी त अहिले रिक्त छन् । कर्मचारी पदपूर्ति लोक सेवामार्फत अघि बढ्ने भए पनि न्यायाधीश नियुक्ति तत्काल भइहाल्ने गुञ्जायस देखिँदैन ।

उता, अदालतहरूको बेरुजु पनि कहालिलाग्दो छ । सर्वोच्च अदालत र यस मातहतका ९१ निकायको गत वर्ष रु. १२ करोड १६ लाख ८५ हजार बेरुजु थियो । महालेखाले प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि १ करोड ८० लाख ५ हजार फर्छ्योट भए पनि रु. १० करोड ३६ लाख ८० हजार बेरुजु बाँकी नै छन् । यीमध्ये रु. २ करोड २३ लाख ४१ हजार म्याद नाघेको पेस्की रहेको महालेखा परीक्षकको ५८ औं प्रतिवेदनमा उल्लेख छ ।

संसदीय व्यवस्थामा अन्य राज्यका निकायजस्तै अदालतमा भ्रष्टाचार व्यापक रूपमा मौलाएको छ । सामान्य आर्थिक अवस्था भएका तथा गरिब निमुखाले अदालतबाट न्याय पाउने स्थिति हराएर गएको छ । न्याय निकै महंगो भएको छ । सत्य र निष्पक्ष न्याय मर्न थाली सकेको छ । जसको पैसा र शक्ति उसैको पक्षमा फैसला भन्ने उक्ति नै साबित हुन थालेको छ ।

## नेपालको...

स्वामित्वमा स्थापित हुँदैन तवसम्म कृषि उत्पादनमा बृद्धिहुन सक्दैन । कृषिमा महिला किसानका खेती लगाउनेदेखि भण्डारण गर्दासम्म सशक्त उपस्थिति रहन्छ तर उत्पादन गरिएको बस्तु बेच्ने, किन्ने काममा (कुनै पनि आर्थिक कारोबारमा) महिलाको आवश्यक ठानिदैन । कृषि क्षेत्रलाई दिगो रूपमा निरन्तरता दिने काममा समेत महिला किसानको ठूलो भूमिका रहँदै आएको छ । परम्परागत रूपमा रहेको कृषि प्रणालीको मेरुदण्ड नै महिला किसान हुन र अहिलेसम्म वंशाणुगत (पारिवारिक) कृषि प्रणालीले नै हाम्रा देशको अर्थनीतिलाई दह्रो गरी धान्दै आएको थियो । कृषिको माध्यमबाट राज्यको अर्थतन्त्रलाई धान्ने महिला किसानको न त भूमिमाथि स्वामित्व छ न त कुनै उत्पादनको साधनमाथि नै आफ्नो हक छ ।

यो त भयो अन्न उत्पादनको कुरा । अन्न फलाउनु मात्रै कृषि होईन पशु-पन्छी पाल्नु पनि कृषि हो । नेपालको पशु-पन्छी पालनमा महिलाको सहभागिता वेजोड रहेको देखिन्छ । तर उनीहरू पशु-पन्छिको स्याहार र रेखदेख गर्नमात्र सक्छन् त्यो भन्दा अरु केही गर्न सक्ने अधिकार छैन । अन्न उत्पादन गर्ने महिला किसानले अन्न आफै किनवेच गर्न नपाए पनि परिवारमा खफत गर्न सक्छन् । तर पशु-पन्छी पालक (कृषक) महिलाले आफै परिवारमा होस वा बाहिर होस केहिपनि गर्न पाउदैन । यसको कारण महिलालाई स्वयमसेवकको रूपमा प्रयोग गर्ने र स्रोत साधन लगायत आर्थिक रूपमा सधै कमजोर पारिराख्नको लागि दासयुगदेखि शोषकहरूले यस्तो परिपाटी बसाएका हुन् ।

### ३) ग्रामीण क्षेत्रमा महिला

आधा आकाश आधा धर्तीको पूर्ण बोझ उठाएको महिलालाई भूमिमा समान अधिकार दिनु पर्ने हो । सन् २०११ तालिकाका को आँकडा अनुसार ६६.६ प्रतिशत नेपालीहरू कृषि पेशामा संलग्न छन् । त्यसमध्य महिलाको सहभागिता ६०.५ प्रतिशत रहेको छ । तर भूमिमाथिको कानुनी स्वामित्व पुरुषको ७७.९ प्रतिशत रहेको छ । घर र खेती दुबैको मालिक हुने महिला ४ प्रतिशत मात्र छन् । (ऋभलकगक(द्ण्ज्ञ्ज) दक्षिण एशियाको देशहरूमध्ये नेपालको महिलाहरूको सबै भन्दा वढी सहभागिता रहेको छा बिभिन्न अनुसन्धानले ९० प्रतिशत ग्रामिण महिला कृषि पेशामा सम्लग्न रहेका देखाएका छन् । कृषिसंग सम्बन्धित काम बाहेक अन्य घरेलु काम पनि महिलाले गर्नु पर्ने हुन्छ । एक तथ्याकंअनुसार महिलाहरू एक दिनमा (२४घण्टामा) १६ घण्टा काम गर्छन् भने ६ घण्टा मात्र सुत्छन् तर पुरुषहरू २४ घण्टामा ७ घण्टा घेरलु-कृषिमा काम गर्छन् अरु समय घुमफिर र आराममा विताउँछन् (राधा गुरुङ २०१०: २१७) । तर पनि समाजमा महिलाको भन्दा पुरुषको प्रतिष्ठा उच्च रहेको छ । श्रम गर्ने श्रमिकको महत्व हुनुपर्ने होईन ? वि. स.२०६२/६३ को जनआन्दोलन पश्चात बनेको अन्तरिम संविधान-२०६३ ले महिला, दलित, जनजाति, अपाङ्ग र अल्पसंख्यामा रहेको जनसमुदायलाई आरक्षण दिएको छ । यो सकरात्मक सुधार हो । अव कृषि र भूमिमा महिलाको पहुच र भूमिकाको वृद्धिका लागि पनि अनिवार्य संयुक्त पुर्जा वितरणको नीति राज्यको तर्फबाट आउनु आवश्यक छ । आजसम्म नेपालमा संयुक्त लालपूर्जा प्राप्त गर्ने संख्या जम्मा १००१ व्यक्तिले मात्र पाएका छन् । यस अभियानमा लागेका संघ, संस्था- भूमि अधिकार मञ्च, महिला अधिकार मञ्च र महिला सञ्जाल (ओरेक) भन्ने संस्थाको पहलमा केही उपलब्धी भएका छन् । तर अहिलेसम्म महिलालाई भूमिमा संवोधन गर्न सरकारबाट प्रभावकारी पहल भएको देखिदैन । छोरीलाई पैतृक सम्पतिको हकद्धारा पनि बञ्चित गराईएको छ । महिलालाई भूमि र कृषिमा बञ्चित गराउनुकोअर्थ आजीवनको लागि परनिर्भर जीवन जीउन बाध्य गराउनु हो । लोकतंत्र भनेको यही हो की !

महिला कृषि उत्पादनमा मात्र होइन कि हरेक परिबर्तनका राष्ट्रिय आनदोलनमा पनि होमिदै र महत्वपूर्ण भूमिका निभाउदै आएका छन् । सन् १७७५ देखि अमेरीकी महिलाहरूले सामाजिक समानता र मतदानको अधिकारको माग गर्दै १७८३ सम्म आन्दोलनमा जुटे भने नेपालमा पनि २००४ देखि संगठित भई सक्रिय सहभागि र महत्व पूर्ण भूमिका खेलेको देखिन्छ । तर दलाल तथा नोकरशाही साशन ब्यवस्थाका कारण महिलाई कुनैपनि निर्णयक तहमा र सबै खालको श्रोत साधन लगायल आर्थिक क्षेत्रमा अधिकार निषेध गराएका छन् ।

गाउँमा जहाँ महिला किसानलाई र कृषि पेशा बाहेक अरु जीविकोपार्जनका विकल्प अति न्यून (००.२ प्रतिशत) मात्र सम्भव रहेको छ । त्यहाँ नै महिला किसानको उत्पादनको साधनमा (भूमिमा) पहुँच निम्न रहेको छ । यो अबस्थामा महिलाहरूले सांगठनिक रूपमा अगाडि नबढ्ने हो भने राजनैतिक रूपमा प्रास्त नगरे महिला किसानको उत्पादनको साधन माथि स्वामित्व स्थापित हुनसक्दैन भन्ने स्पस्ट छ ।

तसर्थ महिला किसानको लडाई सामान्यतः पुरुषसंग हैन राज्यको सामन्तवादी नीति र कुसंस्कारको विरोधमा हो । हाम्रो जस्तो मुलुकमा महिला किसानको मुक्ति नभए सम्म वास्तबिक किसानको मुक्ति हुनसक्दैन । गरीब र साना किसान संग मधयम वर्गीय किसान पनि एक जुट नभई यो समस्या समाधान हुनगाह्रे पर्छ ।

### ४) शहर र महिला

पहाडमा महिलाहरूको भूमिमा स्वामित्व १५ प्रतिशत छ । तराईमा महिलाहरूको भूमिमा स्वामित्व २० प्रतिशत रहेको देखिन्छ भने सहरमा व्यापारीकरणका कारण केहीबढी जमिन महिलासँग रहेको छ । यसरी विभिन्न ठाँउ अनुसार भूमिमा पहुच फरक-फरक हुनुका कारण कुनै पनि महिलालाई भूमिमा अधिकार रहेको भन्न सकिन्न । महिलालाई मालपोतमा जमिन दर्ता गराएर पुरुषले शहरमा व्यापारको लागि सजिलो (कम खर्चिलो) माध्यम अपनाएको मात्र बुझिन्छ । विभिन्न आन्दोलन, जनआन्दोलनले र साथै अर्न्तराष्ट्रिय सन्धि महासन्धिहरूले पारित गरेका कानुनहरू कार्यन्वयन गर्न सरकार तत्पर भई सशक्त रूपमा लागु गरेमा महिलाहरूको कृषिमा भूमिका बढ्ने र उत्पादन वृद्धि हुने देखिन्छ । महिलाहरूसँग पैतृक सम्पतिमा अधिकार हुने हो भने महिलाहरू घरेलु हिंसाको सिकार हुनबाटसमेत बच्नेछन् र खाद्य सुरक्षा, शिक्षा स्वास्थ र समाज सुधारमा टेवा पुग्ने छ । राज्यमा महिलाहरूको लागि प्रभावकारी कुनै व्यवस्था नहुँदा कामको खोजीमा महिला शहर र विदेशतिर पलायन समेत हुदैछन् । वार्षिक ५०००-७५००को हाराहारीमा महिलाले छिमेकी राष्ट्र भारत लगायत खाडी, मलेशिया, कोरिया आदि मुलुकहरूमा मुख्यतः घरेलु दासीको रूपमा कामगर्न बाध्य छन् । नेपालमै पनि ग्रामिण (कम-शिक्षित) महिलाले शहरमा घटिया किसिमको काम गर्नु पर्दछ ।

ग्रामीण क्षेत्रमा भन्दा शहरमा भूमिमा महिलाको स्वामित्व संख्यात्मक हिसावमा बढी रहनुको कारण अधिकारको भऱ्याङ चढि महिलालाई हतियारको रूपमा प्रयोग गरिरहेको हो भन्ने बुझिन्छ । किन यस्तो तर्क राख्न सकिन्छ भने जहाँ ब्यापारिकरण बढी रहेको छ त्यहाँ मात्र भूमिमा महिलाको स्वमित्व बढिहुनु र जहाँ कृषि उत्पादन वाहेक अरु आय आर्जनको सम्भावना छैन त्यहाँ महिला किसानको भूमिमाथिको अधिकार निम्न हुनुले महिलालाई ब्यापारमा तरलताको लागि एक किसिमको साधनको रूपमा प्रयोग गरेको हो भन्ने बुझिन्छ ।

### ५) जनजाति महिला र भूमि

भूमि प्रकृतिक श्रोत हो । प्रकृतिक श्रोतमा सबैको वरावरी हक रहनुपर्दछ जो पहिले थियो । राजा सुरेन्द्रको शासनकालमा जंग बहादुर राणाले हिन्दु जातीय कानुन (हिन्दु राज्य) वनाएर महिलालाई अधिकार विहिन वनाए । यस अघि जनजाति महिलामा लिङ्गीय विभेद थिएन । जग्गा जमिनमा पनि पुरुषको अधिकार भन्ने थिएन । तर नेपाललाई हिन्दु राज्य वनाए पछि जनजाति महिलालाई पनि हिन्दु महिलालाई जस्तै अधिकारबाट बन्चित गराइएको थियो । लामो समयदेखि चलनचल्तीमा रहेको व्यवहारले गर्दा अहिले हिन्दु महिला जस्तो घर ब्यवहारमा उत्पीडित नभए पनि भूमिमाथिको अधिकारबाट बन्चित रहेको कारण आर्थिक,सामाजिक र राजनीतिक रूपमा पछि पर्नु परेको छ ।

राजनैतिक, शैक्षिक, आर्थिक लगायतका क्षेत्रमा हिन्दु पुरुष सत्ताको बर्चस्वले गर्दा जनजाति महिलालाई पनि हिन्दु महिलालाई जस्तै भूमि माथिको अधिकारबाट बन्चित गराएको कारण परम्परागत कृषि उत्पादन लोप उन्मुख अबस्थामा रहेको छ । सरकारले विदेशी मोन्सान्टो जस्ता वहुराष्ट्रि कम्पनिहरूलाई विना रोकटोक प्रवेश दिरहेको छ । यस्तो कम्पनिलाई प्रवेश दिनुभनेको प्रम्परागत कृषि प्रणालिलाई विस्थापित गर्दै राज्यमा रहेका निम्न र मध्यम वर्गीय किसानलाई कृषि पेसाबाट बाईकट गरी आफ्नो जिविकोपर्जनकोलागि ठूला पुँजीपतिवर्गको मजदुर वनाउने स्थितिमा राज्य पुगेको छ । त्यसको असर पनि गम्भीररूपमा महिलामाथि नै पर्ने छ ।

### उत्पादन र खाद्य अधिकार

सबै प्राणीहरूलाई खाद्य अधिकार हुन्छ तर पेट भर्नु मात्र खाद्य अधिकार होईन । पोष्टिक र स्वाश्थ्यको मापदण्ड पुरा भएको खाद्यान्न बस्तु उपभोग गर्न (खाना) पाउनुलाई मात्र खाद्य अधिकार भन्न सकिन्छ सन् १९९६मा भएको विश्व खाद्य शिखर सम्मेलनले निम्न परिभाषा गरेको छ "खाद्य सुरक्षा भनेको व्यक्ति, परिवार, राष्ट्रिय, क्षेत्रीय र विश्वकै तहमा सबै मानिसलाई स्वस्थ र स्फूर्ती रहन पूर्ण र सूरक्षित रहन पौष्टिक भोजन आवश्यक छ र त्यसका लागि भौतिक र आर्थिक पहुँच रहनु हो । खाद्यान्नमा पोष्टिक तत्वको पहुँच र प्रतिब्यक्तिलाई आबश्यक न्युनतम पोष्टिक तत्व कस्तो रहेको छ ? औसतमा एक जवान व्यक्तिकोलागि प्रतिदिन न्यूनतम २२५० क्यालोरी आवश्यक पर्छ । तर नेपालमा खाद्य सामाग्रीको वास्तविक उपभोग तथा तिनीहरूको क्यालोरी सम्वन्धी वास्तविक सरकारी तथ्याङ्क छैन । त्यस्तै खाद्यान्न एवं पोषणयूक्त खाद्य वस्तुको क्षेत्रगत वितरण तथा विभिन्न सामाजिक, आर्थिक, समुदाय, उमेर साथै लिङ्ग वीचको वितरणबारे पनी कुनै तथ्याङ्क उपलब्द्ध छैन कृषि मन्त्रालयले तयार पारेको अनुमानीत तथ्याङ्क अनुसार १९९४/९५ मा ११२(प्रतिशतमा ५ प्रतिसत) क्यालोरी न्यूनतम थियो भने आज पनि त्यसमा खासै सुधार देखिदैन ।

नेपालजस्तो कृषि प्रधान देशमा सिचाईको दरिलो आधार आकासे पानी लाई मानिएको कारण राम्रो वर्षा भएमाब न्यूनतम क्यालोरी पुरा हुने गर्दछ । कुल जन संख्याको अधिक्तम हिस्सा सुक्ष्मपोषणतत्व (miconutrient) एवं भिटामिनको कमिको समस्या वाट ग्रसित रहेको छ । एस मध्य सवै भन्दा ग्रसीत गर्भवती महिला र वालवालीका रहेको छ भने गर्भवती महिलाहरूमा लोहतत्वको कमी देखिन्छ (Irondeficient) । सामान्य भएपनि हिमाली भेगमा आयोडिनको कमी प्रशस्तमात्रामा भेटिन्छ हिमाली कुल जनसंख्याको २० प्रतिशत जन संख्यामा आयोडिनको कमीले हुने असर अझै पनि रहेको छ । NDHS-2011 को थथ्याङ्क अनुसार तराईका २ प्रतिशत जनसंख्यामा भिटामिन ए. को कमि देखिन्छ । तुलानात्मक रूपमा फरक ठाँउमा फरक असर रहेको देखिन्छ । हिमाली भेगमा (०.४प्रतिशत) पहाडमा(०.५प्रतिशत)ले कमी देखाएको छ । विश्व खाद्य कार्यक्रम अनुसार नेपालमा १३ प्रतिशत अर्थात ३५ लाख मानिस भोकमरीको शिकार छन् भने ५ बर्षमूनिका ४२ प्रतिशत बालबालिका कूपोषणका शिकार बनिरहेका छन् (लीक्क.२०१०/११) । भौगोलिक रूपमा ७५ जिल्ला मध्ये ४२ जिल्ला खाद्य असुरक्षामा पर्दछ । खाद्यबस्तुको उत्पादन कम भएर तथा त्यसमा पहुँच पुऱ्याउने सामर्थ्य नभएर धैरै परिवारहरू खाद्य असुरक्षा बेहोरिरहेकाछन् । यस्तो समस्याको महशुस तराईको दाजोमा हिमाली भेग र पहाडमा अधिक मात्रामा रहेको तथ्याङ्कले देखाएका छन् । दक्षिण एसियामा नै सबैभन्दा कम खाद्य उत्पादन हुने देश नेपाल हो ।

(Draft Food and Nation Security Plan, MOAD. 2012)

### ६) उपसम्हार

नेपालको प्रचलित कानुनमा महिलाको भूमिमा पैतृक अधिकारको व्यवस्था छैन त्यसैले महिलाले पैतृक सम्पति र भूमिमा अधिकारको कुरालाई स्पष्ट मुद्दाको रूपमा अगाडि बढाउनु पर्दछ । त्यसका लागि कानुनी अधिकारको जानकारी प्रतेक महिलामा हुन पाउनुपर्छ । ग्रमिणदेखि शहरसम्मका महिलालाई आफ्नो हक अधिकारथाहा हुनु पर्छ । उनीहरूलाई आवश्यक सूचनाको अधिकारवाट बन्चित गराईनु पनि एक प्रकारको उत्पीडन हो । केही शिक्षित महिलाले केही कुरावुझेका होलान् तर सामान्य घरेलु तथा कामकाजी महिलाहरूमा यससम्वन्धी सूचना नभएको पाईन्छ । महिला अधिकारकमिहरूले यससम्बन्धी व्यापक जनचेतना अभियान चलाउनु पर्छ । महिलाको अधिकार देशव्यापी प्रचलनमा ल्याउनका लागि राज्यले पनि अनावयक प्रकृयाहरू हटाई सरल तथा छिटोछरितो नीति वनाईनु पर्ने उत्तिकै जरुरीछ । यो कार्यलाई राज्य तथा सम्वन्धित संघसंस्थाले प्रथामिकताका साथ अगाडि वढाउनु पर्छ । हामीले जुनसुकै भूमिहिनहरूको कुरा उठाउदा महिला अधिकारको कुराछुटाउन हुदैन किनकी भूमिहिन, कमैया,हलिया, आदी समुदायहरूमा पनि महिलानै बढी उत्पीडनमा परेको छ । त्यसैले कुनै पनि अबस्थामा महिला अधिकारको कुरालाई छोडनु हुदैन । बरु प्राथामिकतामा राख्नु पर्दछ ।

नारी पुरुष सामाजिक रथका दुइ पाङ्ग्रा हुन । एक पाङ्ग्रा कमजोर हुँदा रथ चल्दैन भन्ने कुरालाई सबैले हेक्का राख्ने बेला भएको छ र महिला अधिकार कर्मीले अझै सशक्त भूमिका निर्वाह गर्नु परेको छ । महिलाहरूरु अधिकारका निम्ति संगठित हुनुको विकल्प छैन ।

**सन्दर्भ स्रोतहरू**

*१) राधा गुरुङ (२०१०),गरिबी र भूमिसुधार, काठमाडौं: नेपाल विकास अध्ययन संस्थान (संपदाक डा. गणेश गुरुङ) ।*


*२)National Population and Housing Census–2011, CBS, Nepal*

*३) Draft Food and Nation Security Plan, MOAD. 2012*

*४) Census-2011*

# विश्वदृष्टिकोणमा रुपान्तरण नहुँदा रूस, चीनमा भयो प्रतिक्रान्ति

**'विचारधारात्मक तथा राजनीतिक कार्यदिशा सही वा गलत हुनुले सबै थोकको निर्धारण गर्दछ । जब पार्टीको कार्यदिशा सही हुन्छ त्यो बेला सबै चीज प्राप्त हुन्छ , यदि अनुयायीहरु छैनन् भने ती पनि प्राप्त हुन सक्छन् । यदिबन्दुकहरु छैनन् भने पनि ती पनि प्राप्त हुन सक्छन्, यदि राजनीतिक सत्ता छैन भने त्यो पनि प्राप्त हुन सक्छ , यदि यसको कार्यदिशा गलत छ भने भएका पनि सबै गुम्छन् । कार्यदिशा भनेको जालको डोरी हो जब यो तानिन्छ पुरै जाल खुल्दछ ।'** *-माओ त्सेतुङ*



● हस्तबहादुर केसी ●

रुस, चीन, भियतनाम लगायतका विश्वका समाजवादी देशहरूमा प्रतिक्रान्ति भयो । किन भयो ती समाजवादी देशहरूमा प्रतिक्रान्ति ? यसका मुख्य मुख्य कारणहरू के हुन् ? आदि प्रश्नहरू उठिरहन्छन् । यस विषयमा केही कुरा प्रष्ट हुन जरुरी हुन्छ ।

यस परिघटनाले विश्व कम्युनिस्ट आन्दोलन र विश्व समाजवादी शिविरमाथि गंभीर प्रकारको धक्का लाग्यो । त्यस यता आज विश्वमा एउटा पनि देशमा वैज्ञानिक समाजवादी देश सञ्चालनमा छैन । ती समाजवादी देशहरूमा भएको प्रतिक्रान्तिले अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनलाई ठूलो क्षति पुर्यायो भने विश्व जनसमुदायलाई पनि निरास मात्र तुल्याएको होइन, त्यस पछि विश्व कम्युनिस्ट आन्दोलन रक्षात्मक स्थितिमा पुर्याई दियो । आजसम्म त्यो स्थिति कायमै छ ।

अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलन भित्र ती देशहरूमा भएको प्रतिक्रान्ति किन भयो ? कसरी भयो ? कसको कम्जोरिले भयो ? भन्ने बारेमा प्रसस्त मात्रामा समिक्षा नभएको होइन । तर पनि यस लेखमा मैले ती भूपू समाजवादी देशहरूमा भएका प्रतिक्रान्तिहरूका विषयमा मुख्य समस्या कहाँ थियो र त्यसलाई सम्बन्धित देशका कम्युनिस्ट पार्टीहरू र आम जनताले समयमै कमीकमजोरीहरू पत्ता लगााााउने र रोक्नै पर्ने काम किन हुन सकेन र त्यसको मूल जरो कुन थियो र त्यसलाई समयमै फ्याक्न किन पहल भएन ? ती देशहरूमा कसरी प्रतिक्रान्तिहरू भए त ? भन्ने विषयमा ध्यान केन्द्रित गर्ने कोसिस गर्ने छु ।

***(१) रुस, चीन, भियतनाम लगायतका देशहरूमा भएका गौरवपूर्ण क्रान्तिहरू :***

सामन्तवादीहरू तथा पुँजीवादीहरूको मुटुमा ढ्याङ्गो ठटाउदै रुसमा जारशाहीको सत्ता, चीनमा च्याङकाइसेको तननाशाही सत्ता, भियतनाम र कोरियामा सामन्तवादी राज्यसत्ता, कम्बोडिया तथा क्युवाका प्रतिक्रियावादी सत्ताहरूलाई ध्वस्त पार्दै ती देशहरूमा क्रान्ति सम्पन्न गरिए र सर्वहारा वर्गको अधिनायकत्व स्थापना गरियो ।

सन् १९१७ अक्टोबर २५ ( रुसी नयाँ पात्रो अनुसार ७ नोभेम्बर ) महान् रुसी अक्टोबर समाजवादी क्रान्ति सम्पन्न गरियो । सन १९४५ मा उत्तरी भियतनाम र उत्तर कोरियामा जनवादी क्रान्तिहरू सम्पन्न गरियो । त्यस्तै सन १९४९ अक्टोबर १ का दिन महान् चिनिया नयाँ जनवादी क्रान्ति सम्पन्न गरियो । सन १९५९ मा क्युवामा पनि क्रान्ति सम्पन्न भयो ।

अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमा सन १८४८ मा कार्ल मार्क्स (१८१८ - १८८३) र फ्रेडरिक एंगेल्सद्वारा कम्युनिस्ट घोषणापत्र जारी गरि मार्क्सवाद र मार्क्सवादी दर्शन द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी दर्शनको प्रतिपादन गरे पश्चात् जब विश्व सर्वहारा वर्गले आफ्नो मुक्तिको सैधेदान्तिक हतियार मार्क्सवाद र मार्क्सवादी दर्शन प्राप्त गर्यो, सन १९६४ मा मार्क्सकै नेतृत्वमा पहिलो कम्युनिस्ट अन्तर्राष्ट्रिय बन्यो, त्यसपछि सन १८७१ मा सम्पन्न भएको पेरिस कम्युनको निर्माण र ७२ दिन पछि भएको प्रतिक्रान्ति पछिको पहिलो ऐतिहासिक एवं युगान्तकारी परिघटना थियो सन १९१७रुसी अक्टोबर समाजवादी क्रान्ति । महान् रुसी अक्टोबर समाजवादी क्रान्ति एक ऐतिहासिक र युगान्तकारी परिघटना थियो, मक्किसकेको र साम्राज्यवादमा पतन भइसकेको पुँजीवादी राज्य व्यवस्थालाई अन्त्य गरेर मानव जातिकै इतिहासमा पहिलोपटक सर्वहारा वर्गको अधिनायकत्व स्थापना गरेको थियो ।

त्यसको सकारात्मक प्रभाव संसार भर पर्न गयो । त्यस पछि संसारका विभिन्न देशहरूमा कम्युनिस्ट पार्टीहरू स्थापना गरिए । पूर्वी युरोपका २० औ देशहरूमा सोभियत मोडलको समाजवाद लागु गरियो । चीन, कोरिया, भियतनाम आदि देशहरूमा क्रान्ति सम्पन्न भए पछि विश्व जनसंख्याको ठूलो हिस्सा कम्युनिस्ट पार्टी अर्थात् समाजवादी शासनको भण्डामुनि गोलबन्द हुन पुग्यो ।

तर रुस, चीन, भियतनाम लगायतका देशहरूमा प्रतिक्रान्ति भए पछि आज संसारका कुनै पनि मुलुकमा वैज्ञानिक समाजवादी राज्यव्यवस्था छैनन् ।

सन् १९५६ देखि सोभियत मोडलको समाजवाद भित्र आधुनिक संशोधनवादीहरूबाट प्रतिक्रान्ति भई पुँजीवादको स्थापना हुन पुग्यो भने सन १९७६ सेप्टेम्बर ९ मा कमरेड माओको निधन पश्चात् चीनमा प्रतिक्रान्ति भएर पुँजीवादको स्थापना भयो । त्यसपछि अन्य समाजवादी मुलुकहरूमा पनि प्रतिक्रान्ति भए र समाजवाद अस्थायो । यसले अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनलाई ठूलो धक्का पुर्यायो ।

***(१) विश्वदृष्टिकोणमा रूपान्तरण नहुँदा भयो प्रतिक्रान्ति***

किन र कसरी भयो रुस, चीन लगायतका समाजवादी देशहरूमा प्रतिक्रान्ति ? त्यसको मुख्य कारण के हो ? त्यस प्रतिक्रान्तिलाई किन रोक्न सकेनन् ती देशका कम्युनिस्ट पार्टीहरू र जनताले ?

अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलन भित्र सधैं उठ्ने गरेका यी प्रश्नहरू ज्यादै महत्वका रहेका छन् । यसको भित्री र बाहिरी कारणहरू के के होलान् ? यो सधैंजसो उठ्ने प्रश्न हो ।

मार्क्सवादी द्वन्द्ववादको नियमानुसार हरेक बस्तुको उत्थान र पतनको मुख्य कारण आन्तरिक नै मुख्य हुन्छ र बाहिरी कारण उसको सहायक कारण हुन्छ । रुस, चीन लगायतका देशहरूमा प्रतिक्रान्ति हुनुका प्रमुख कारण आन्तरिक कारणहरू रहेका छन् बाहिरी कारणहरूले सहयोगीको भूमिका खेलेका थिए । अर्थात् रुस, चीन समेतका समाजवादी देशहरूमा प्रतिक्रान्ति हुनुमा ती देशहरूका कम्युनिस्ट पार्टीहरूको मुख्य नेतृत्वमा रहेकाहरूमा नेताहरूबाट भएको आन्तरिक वैचारिक,सैध्दान्तिक, दार्शनिक तथा विचारगत कम्जोरीका कारणहरू नै प्रमुख रहेका छन् ।

रुसमा सन १९५३ मा कमरेड स्टालिनको मृत्यु भयो । त्यस पछि निकिता ख्रुश्चोव राज्यप्रमुख भएर आए । सन १९५६ को फेब्रुअरीमा अखिल संघीय कम्युनिस्ट पार्टी ( बोल्सेविक ) को बीसौं महाधिवेशनको आयोजना गरिएको थियो । उक्त महाधिवेशन सम्पन्न हुँदैगर्दा तत्कालीन राज्यप्रमुख निकिता ख्रुरुश्चोवद्वारा फेब्रुअरी २४ - २५ तारिखको मध्यरातमा कमरेड स्टालिनका विरुद्धमा एक विश्वचर्चित सेक्रेट रिपोर्ट ( गोप्य प्रतिवेदन ) पेस गर्दै पुँजीवादी ( संशोधनवादी ) कार्यक्रम पेस गरेका थिए । र ख्रुश्चोवबाटै आधुनिक संशोधनवादको सूत्रपात गरियो । उनले सम्पूर्ण जनताको पार्टी, सम्पूर्ण जनताको राज्य र शान्तिपूर्ण संक्रमणको सिध्दान्त अवलम्बन गर्दै तथा वर्गसंघर्ष, सर्वहारावर्गको अधिनायकत्व र सशस्त्र संघर्षका विरुद्ध भीषण हमला बोल्दै रुसमा पुँजीवादको स्थापना गरियो ।

निकिता ख्रुश्चोव, लिओनिद ब्रेजनेभ हुँदै मिखाइल गोर्भाचोवसम्म पुगेर सन १९९० मा सोभियत मोडलको समाजवाद विधिवत रूपमा पतन भयो ।

निकिता ख्रुश्चोवलाई आधुनिक संशोधनवादका पिता भनिन्छ । उनले अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलन भित्र आधुनिक संशोधनवादको विजारोपन गरेका थिए । त्यसले अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनलाई अपुरणीय क्षति पुर्यायो । ख्रुश्चोवी आधुनिक संशोधनवादका विरुद्ध कमरेड माओले अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलन भित्र महान् बहस सञ्चालन गर्नु भयो ।

रुसमा प्रतिक्रान्ति हुनुमा रसियन कम्युनिस्ट पार्टी (बोल्सेविक) भित्रको मुख्य नेतृत्व विश्वदृष्टिकोणमा रूपान्तरण नहुनु नै प्रमुख कारण बन्न पुग्यो । बोल्सेविक पार्टीको केन्द्रीय नेतृत्वमा विश्वदृष्टिकोणमा रूपान्तरण नहुनु, पार्टीको मार्गदर्शन सिध्दान्त मार्क्सवाद - लेनिनवादका आधारभूत सिध्दान्तलाई परित्याग गर्दै जानु प्रमुख रहेका थिए ।

सन् १९२४ मा लेनिनको मृत्यु पछि पार्टी सञ्चालन र सोभियत समाजवादी व्यवस्था सञ्चालनको जिम्मा कमरेड स्टालिनको काँधमा आयो । उहाँकै पालामा सन १९३९ देखि १९४५ सम्म दोस्रो विश्व युध्द चल्यो । त्यस बखत रुसमा राष्ट्रियताको सवाल मुख्य बन्न गयो ।

दोस्रो रुसको समयमा रुसमाथि जर्मन हिटलरी आक्रमण मुख्य बन्यो । हिटलरी साम्राज्यवादका विरुद्ध लड्नका स्टालिनले सन १९४३ मा तेस्रो अन्तर्राष्ट्रियलाई विघटन गरेर अमेरिका समेतलाई संलग्न गरेर संयुक्त मोर्चा निर्माण गर्नु भयो । यी कार्यमा लाग्नु परेको कारणले पार्टी भित्रको वैचारिक काम गौण बन्द गयो । पार्टी स्कुलिङ समाप्त हुन गयो, जसले गर्दा पार्टी भित्रको वैचारिक स्तर भुत्ते बन्न पुग्यो ।

सन् १९५३ मा मृत्यु भयो । त्यस पश्चात् पार्टी र राज्यको प्रमुख बन्न पुगेको निकिता ख्रुश्चोवबाट सन १९५६ फेब्रुअरी २४ - २५ मा पुगेर रुसमा संशोधनवादको विजारोपन गरियो ।

यसरी पार्टी भित्र वैचारिक धरातल भुत्ते हुँदै गएको मौका छोपेर पार्टीको मुख्य नेतृत्व र राज्यको नेतृत्वमा पुगेको ख्रुश्चोव उदाउने र मौलाउने मौका पायो ।

अर्को कुरा रुसमा जनतालाई क्रान्तिकारी रूपान्तरण गर्ने काममा पनि पहिले पार्टीले ध्यान पुर्याउन सकेन । पार्टीले जनतालाई मार्क्सवाद - लेनिनवादका आधारभूत सिध्दान्त र मान्यताहरू प्रति स्कुलिङ गर्ने, जागरुक गराई राख्ने काम भएन । जसले गर्दा रुसी समाजवादमाथि ख्रुश्चोवी संशोधनवादीहरूले भीषण हमला गरिरदासम्म पनि जनता चुपचाप रहन गए । विचारविनाका जनता चुपचाप रहनु स्वाभाविक बन्न गयो ।

यसरी पार्टीको नेतृत्व पंक्तिमा विश्वदृष्टिकोणमा रूपान्तरण नहुनु नै महान् अक्टोबर क्रान्तिबाट निर्माण गरिएको समाजवाद, लेनिन - स्टालिनहरूले अगाडि बढाएको रुसी मोडलको समाजवाद गर्ल्यामगुर्लम ढल्न पुग्यो ।

त्यस्तै कमरेड माओको नेतृत्वमा सन १९४९ अक्टोबर १ मा सम्पन्न महान् चिनिया नयाँ जनवादी क्रान्तिद्वारा निर्माण भएको महान् चीनको समाजवाद पनि सन १९७६ सेप्टेम्बर ९ का दिन कमरेड माओको मृत्यु भएको ठिक एक पछि अर्थात् सन १९७६ अक्टोबर ६ का दिन ग्याङ अफ फोरका ४ जना नेताहरू च्याङ्ग चुन चियाओ, वाङ्ग हुंग वेन, याओ वेन - युवान र चियाङ चिंगलाई गिरफ्तार गरि जेलमा कोचेर संशोधनवादी देङ ग्रूपले चिनिया समाजवादमाथि भीषण हमला गरेर प्रतिक्रान्ति गर्यो र चीनमा पुँजीवादको स्थापना गर्यो ।

चीनमा पनि सन १९५६ मा चिनिया कम्युनिस्ट पार्टीले आयोजना गरेको आठौं महाधिवेशनमा ख्रुश्चोवका इमानदार चेलाहरू ल्यू शाओ चि र देङ श्याओ पिङ ' बिरालो कालो हुनु र सेतो हुनुले फरक पार्दैन मुसा मारे भो ' भन्दै पुँजीवादी कार्यदिशा घुसाए पछि प्रतिक्रान्तिको विजारोपन गरियो ।

चिनिया कम्युनिस्ट पार्टीको मुख्य नेतृत्व र समाजवाद भित्र यसरी घुस्न पुगेका ख्रुश्चोवका असली चेलाहरू ल्यू शाओ चि, देङ श्याओ पिङहरूको जन्म हुनुको पछाडि चिनिया कम्युनिस्ट पार्टीको नेतृत्व भित्र विश्वदृष्टिकोणमा रूपान्तरण हुन नसकेकै कारण पार्टी भित्र वर्गउत्थान हुन पुग्यो । र, त्यसले चीनमा प्रतिक्रान्ति बनाई छाड्यो ।

चिनिया कम्युनिस्ट पार्टी भित्र क्रान्ति सम्पन्न भएको छोटै अबधिमा वर्गउत्थान हुनु र त्यसले चिनिया समाजवादमाथि प्रतिक्रान्ति गर्न सफल हुनुमा केन्द्रीय नेतृत्व विश्वदृष्टिकोणमा रूपान्तरण हुन नसक्नु जसरी मुख्य कारण बन्न पुग्यो, त्यसको पछाडिको अर्को मुख्य कारण के हो भने क्रान्ति पश्चात पार्टीको सम्पूर्ण ध्यान मुलुकको नयाँ निर्माणमा लाग्नु, मुलुकको हर क्षेत्रमा जनवादीकरणको अभियानमा लाग्नु, जसले गर्दा पार्टी काम र पार्टी भित्रको वैचारिक कार्यलाई कम महत्व दिनु, पार्टी भित्र पार्टी स्कुलिङको कामलाई स्थगन गर्नु, मुख्यतः पार्टीले वैचारिक कामलाई गौण विषय बनाउने र राज्यको कामलाई बढी महत्व दिने जुन काम भयो, त्यसले कमरेड माओको आमने सामने उभिएर हाकाहाकी प्रतिक्रान्तिकारीहरूलाई प्रतिक्रान्तिको कार्य गर्न सफल मात्र भएनन्, हुर्कने र मौलाउने मौका पाए ।

त्यस परिस्थितिमा कमरेड माओले एकातिर अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनको गहन अध्ययन र अर्कोतिर स्वयं चीन मै जटिल बन्दै गइरहेको पुँजीवादक पुनर्स्थापिना रोक्नका लागि सर्वहारा अधिनायकत्व अन्तर्गत निरन्तर जारी राख्ने सिध्दान्त प्रतिपादन गरि सन १९६६ देखि १९७६ सम्म महान् १० वर्षे सर्वहारा साँस्कृतिक क्रान्ति सञ्चालन गर्नु भयो ।

नेपालमा पनि २०२८ सालमा विष्फोट भएको ऐतिहासिक झापा विद्रोहबाट अगाडि बढेर माले - एमाले बन्ने क्रममा वर्गउत्थान हुन पुग्यो र एमालेको मुख्य नेतृत्व विश्वदृष्टिकोणमा रूपान्तरण हुन नसकेकै कारण एमाले दक्षिणपन्थी संशोधनवादी बाटो हुँदै प्रतिक्रियावादमा पतन मात्र भएन घोर प्रतिक्रियावादी सरकार सञ्चालन गर्नसम्म पुग्यो ।

त्यस्तै २०५२ साल फागुन १ गतेदेखि शुरु भएको महान् १० वर्षे सशस्त्र जनयुद्धको नेतृत्व गरेर आएको तत्कालीन नेपाल कम्युनिस्ट पार्टी ( माओवादी ) को मुख्य नेतृत्व पनि विश्वदृष्टिकोणमा रूपान्तरण हुन नसके कै कारण र मालेमावादका आधारभूत सिध्दान्त र मान्यताहरूलाई परित्याग गरि नवसंशोधनवादको बाटो हुदै विजातीय तत्वमा विलय मात्र भएन घोर प्रतिक्रियावादी सरकारमा समेत सामेल हुन पुग्यो । र महान् नेपाली क्रान्तिप्रति गध्दारी गर्न पुग्यो । र, नेपाली जनतालाई गंभीर प्रकारको धोका दिन पुग्यो । अतः नेपाली क्रान्तिप्रति प्रतिक्रान्ति हुनुको प्रमुख कारण क्रान्तिकारी आन्दोलनको नेतृत्व गरेको मुख्य नेतृत्व विश्वदृष्टिकोणमा रूपान्तरण हुन नसक्नु नै हो ।

रुस, चीन, भियतनाम लगायतका देशहरूका कम्युनिस्ट पार्टीकोल मुख्य नेतृत्व क्रान्ति पछि मुलुकलाई समाजवादीकरण गर्ने प्रक्रियामा, कम्युनिस्ट पार्टीले सरकार सञ्चालन गरिरहे कै अवस्थामा प्रतिक्रान्ति भएको इतिहास छ भने नेपालमा त क्रान्ति सम्पन्न नहुदै मुख्य नेतृत्वबाट प्रतिक्रान्तिका परिघटनाहरू घट्न पुगेका छन्, जसले महान् नेपाली क्रान्तिलाई गंभीर प्रकारको क्षति पुर्याउदै आएको छ ।

नेपाली कम्युनिस्ट आन्दोलन भित्र रहेका कम्युनिस्ट पार्टीको नेतृत्वतहमा पनि विश्वदृष्टिकोणमा रूपान्तरणका समस्याहरू ज्यूँकातिउँ छन् । त्यसैले क्रान्तिकारी कम्युनिस्ट पार्टीहरू र क्रान्तिकारी कम्युनिस्टहरूले वैचारिक संघर्षलाई तेजका साथ अगाडि बढाइरहन जरुरी छ ।

***(२) विश्वदृष्टिकोणमा रूपान्तरणका लागि नयाँ ढंगको कम्युनिस्ट पार्टी आवश्यक***

कम्युनिस्ट पार्टी सर्वहारा वर्गको संगठित अग्रदस्ता भएको र देश जनताको मुक्तिको नेतृत्व गर्ने शक्ति भएको र मार्क्सवाद - लेनिनवाद - माओवादवादको पथप्रदर्शनमा सञ्चालन हुने पार्टी भएकोले विश्वदृष्टिकोणमा रूपान्तरणका लागि नयाँ ढंगको क्रान्तिकारी कम्युनिस्ट पार्टी आवश्यक भइरहन्छ ।

समाज बदल्ने, दुनियाँ बदल्ने ऐतिहासिक अभिभारा बोकेको हुनाले कम्युनिस्ट पार्टीको नेतृत्व मालेमावादको सिध्दान्त र त्यसको आधारभूत सिध्दान्तहरूबाट लैस भएको, त्यसका नेता कार्यकर्ताहरू अब्बल दर्जाका क्रान्तिकारी हुनैपर्छ । फलामे अनुशासनले बाँधिएका र विश्वदृष्टिकोणमा रूपान्तरण भएको हुनैपर्छ । त्यसो भए पछि मात्र उनीहरूबाट प्रतिक्रान्तिलाई रोक्ने कार्य एकहदसम्म सफल हुन सक्छ ।

रुस, चीन लगायतका देशहरूका कम्युनिस्ट पार्टी नेतृत्वमा आएको वैचारिक ह्रासका कारण ती देशहरूमा छिटो प्रतिक्रान्ति भएको हो ।

यसका अतिरिक्त पार्टी नेतृत्वले जनवादी केन्द्रीयताको सिध्दान्त ( लेनिनवादी संगठनात्मक सिध्दान्त ) अंगिकार गर्ने र लागु गर्ने काममा प्रतिबद्ध नहुनु, लामो समयसम्म नेतृत्वमा रहिरहनु, नेतृत्व निरंकुश बन्दै जानु, पार्टी नेतृत्वले पार्टी भित्र वर्गउत्थानलाई रोक्नका लागि मालेमावादी सिध्दान्त र पध्दतिबाट पार्टी चिप्लिनु, पार्टी नेतृत्व चिन्तनका दृष्टिकोणले अधिभूतवादी बन्दै जानु जस्ता मार्क्सवादी कम्जोरीका कारण पनि ती देशहरूमा प्रतिक्रान्तिकारी तत्वले पार्टी भित्र घुम्ने र मौलाउने मौका पायो ।

***(३) विश्वदृष्टिकोणमा रूपान्तरणमा पार्टी स्कुलिङको आवश्यकता***

आम पार्टी पंक्तिलाई, अर्थात् कम्युनिस्ट पार्टीको नेतृत्व र कार्यकर्ताहरूलाई क्रान्तिकारी बनाइराख्नका लागि पार्टी स्कुलिङलाई पार्टीले पार्टीको अनिवार्य आवश्यकता र योजना बनाएर नियमित र वैज्ञानिक ढंगले स्कुलिङ सञ्चालन गरिरहनुपर्ने हुन्छ । लेनिन, माओ, हो चि मिन्हहरूले पार्टी भित्र पार्टी जुन स्कुलिङ सञ्चालन गर्नुभएको थियो, त्यसले पार्टी पंक्तिलाई क्रान्तिकारी बनाइरादख्ने काममा ठूलो मद्दत गर्दछ ।

लेनिन, माओ, होचि मिन्ह, आदि विश्व कम्युनिस्ट आन्दोलनका जग्रज नेताहरूले पार्टी स्कुलिङ सञ्चालन गरेका कारण पार्टी क्रान्तिकारी थिए र ऐतिहासिक उपलब्धिहरू हासिल गर्न पनि सफल भएका थिए । लेनिन र स्टालिनको मृत्यु पश्चात् सोभियत रुसमा प्रतिक्रान्ति भयो । त्यसको एउटा कारण पार्टी स्कुलिङलाई सिथिल तुल्याउनु पनि थियो ।

चीनमा नयाँ जनवादी क्रान्तिको सफलता पछि पार्टी स्कुलिङको कामलाई गौण बनाउँदै लगिएको अवस्थामा पार्टी पंक्ति भित्र वैचारिक स्तर कम्जोर भएको मौका छोपेर पार्टी भित्र प्रतिक्रान्तिकारीहरू पार्टी भित्र पार्टी विरुद्ध धावा बोल्न सफल भएका थिए ।

पछि कमरेड माओले पार्टी स्कुलिङ कम्जोर र भुत्ते भएको ठहर गरेर सन १९६३ मा १६ बुंदे शैक्षिक सर्कुलर जारी गरेर देशव्यापी रूपमा पठाउनु भयो । सन १९६६ देखि १९७६ सम्म त कमरेड माओले आफ्नै नेतृत्वमा महान् चिनिया सर्वहारा साँस्कृतिक क्रान्ति सञ्चालन गर्नु भयो ।

***(४) नेपाली कम्युनिस्ट आन्दोलन भित्र विश्वदृष्टिकोणमा रूपान्तरणको समस्या***

सर्वविधितै कुरा हो, नेपाली कम्युनिस्ट आन्दोलनले ७२ वर्ष पार गरिसक्यो । नेपाली कम्युनिस्ट आन्दोलनको इतिहास धेरै लामो र समृद्धशाली पनि छ । यस आन्दोलनले यस ऐतिहासिक अबधिमा जनआन्दोलन, जनसंघर्ष,वर्ग संघर्ष, सशस्त्र जनयुद्धका जटिल, उकाली ओराली, बाङ्गाटिङ्गा घुम्तीहरू पार गर्दै आएको छ ।

अवश्यै यो आन्दोलन क्रान्तिकारी धारा र संशोधनवादी धाराका बीचको भीषण दुई लाइन संघर्ष, अन्तःसंघर्षका क्रममा विकसित भएर आज यहाँसम्म आइपुगे छ ।

आज नेपाली कम्युनिस्ट आन्दोलन संशोधनवादी धारा र क्रान्तिकारी धारा गरि दुई धारामा विभाजित हुन पुगेको छ । बीचमा मध्यपन्थी अवसरवादी धारा रहेको छ । यो एउटा मार्क्सवादी नियम पनि हो ।

शैशवकालखेखि नै विश्वदृष्टिकोणमा रूपान्तरणको सवालमा नेपाली कम्युनिस्ट आन्दोलन ग्रसित र रोगी बन्दै आएको छ । बिक्रम सम्वत २०१० सालमा सम्पन्न पहिलो महाधिवेशनबाट निर्वाचित नेतृत्वदेखि आजसम्म आइपुग्दा ( विभाजित भएकै अवस्थामा ) नेपाली कम्युनिस्ट आन्दोलनको विभिन्न काल खण्डमा नेतृत्वमा पुगेको पार्टी नेतृत्व विश्वदृष्टिकोणमा रूपान्तरण हुन नसकेकै नेपाली क्रान्तिले ठूलो धक्का व्यहोर्नुपरेको छ ।

झापा विद्रोह र महान् १० वर्षे जनयुद्धको नेतृत्व विश्वदृष्टिकोणमा रूपान्तरण हुन नसकेकै महान् नेपाली क्रान्तिले गंभीर प्रकारको धोका खाँदै आएको छ र नेतृत्व गध्दार बन्दै आएको यथार्थता जागजाहेरै छ ।

नेपाली कम्युनिस्ट आन्दोलनमा क्रान्तिको महान् यात्रामा बीचमै प्रतिक्रान्ति हुनुको मुख्य कारण पार्टी स्कुलिङ सञ्चालनको अभाव हो । आजसम्म नेपाली कम्युनिस्ट आन्दोलन यहाँसम्म आइपुग्दासम्म पार्टी स्कुलिङ व्यवस्थित, योजनाबध्द र वैज्ञानिक ढंगले सञ्चालन गर्ने, पार्टी नेतृत्व र आम कार्यकर्ताहरूलाई स्कुलिङ गर्ने र अब्बल दर्जाका पार्टी कार्यकर्ता निर्माण गर्ने कामलाई पन्छ्याउदै आएको इतिहास छ । यो नै नेपाली कम्युनिस्ट आन्दोलन भित्रको समस्या हो ।

*(५) निचोड*

रुस, चीन, भियतनाम लगायतका समाजवादी देशहरूमा भएका प्रतिक्रान्तिहरूले विश्व कम्युनिस्ट आन्दोलनमा अत्यन्तै ठूलो क्षति पुर्याएको छ । साथै क्रान्ति पूर्व नै नेपालमा भएको प्रतिक्रान्ति र पेरु, फिलिपिन्स लगायतका देशहरूमा क्रान्तिले सेड्व्याक खान पुगेका कारण नेपाल तथा विश्व क्रान्तिलाई नकारात्मक असर पारेकै छ । तैपनि यो अप्रत्याशित र आश्चर्यजनक कुरा होइन ।मार्क्सदेखि माओसम्म सबैले देशमा क्रान्ति भइसकेपछि पनि त्यहाँ पुँजीवादको पुनर्स्थापनाको सम्भावना रहनेछ भनेर प्रष्ट पार्दै आउनु भएको छ ।


रुस, चीन, नेपाल लगायतका देशहरूमा भएको प्रतिक्रान्तिको अनुभवले कुनै देशमा क्रान्ति पहिले र क्रान्ति पछि पनि संशोधनवादका विरुद्ध सधैं सर्तक हुनुपर्ने र त्यसका विरुद्ध वैचारिक संघर्ष गर्नुपर्ने शिक्षा दिएको छ ।

विश्व कम्युनिस्ट आन्दोलनको अनुभव र नेपाली क्रान्ति कै के बताउँदै आएको छ भने कुनै पनि देशको क्रान्तिकारी आन्दोलन र क्रान्ति सिधार सोझो बाटोमा अगाडि बढ्दैन । त्यो कैयौं प्रकारको उतार, चढाव, सफलता, असफलता र बाङ्गाटिङ्गा बाटोहरूको बीचबाट भएर अगाडि बढ्छ ।

आज रुस, चीन लगायतका देशहरूमा क्रान्ति पछि र नेपाल जस्ता देशहरूमा क्रान्ति पहिले नै भएका प्रतिक्रान्तिले विश्वस्तरमै क्रान्तिकारी कम्युनिस्ट पार्टीहरू र क्रान्तिकारी आन्दोलनहरूलाई गंभीर प्रकारको प्रभाव पारिरहेको छ । र, क्रान्तिकारीहरूलाई रक्षात्मक अवस्थामा पुर्याएको छ । त्यसो भएर नेपाल लगायत विश्वभरका क्रान्तिकारी कम्युनिस्ट पार्टीहरूले र स्वयं क्रान्तिकारी माओवादी क्रान्तिकारी कम्युनिस्टहरूले सबैखाले प्रतिक्रियावादीहरू र संशोधनवादीहरूका विरुद्ध भीषण वैचारिक संघर्ष गरिरहनुको विकल्प छैन । किनभने आज पनि हरेक कम्युनिस्ट पार्टीहरूको नेतृत्व तहमा विश्वदृष्टिकोणमा रूपान्तरणका समस्या ज्यूउँकातिउँ छ ।

*(लेखक अन्तर्राष्ट्रिय लेखक तथा पत्रकार केन्द्रका अध्यक्ष हुन् ।)*

# लु सुन : सतत संघर्षशील लेखक



● इस्माली ●

*२०६६ साल असोजमा म बर्दिया जिल्लाको पार्टीको बैठकका क्रममा तारातालको सानोश्री गएकी थिएँ । त्यहाँ राधा दिदीको घरमा बसेकी थिएँ । त्यहाँ कलावती आउनु भएको रहेछ । म यतै छु भन्ने थाहा पाएपछि मलाई खोज्दै म बसैकै ठाउँमा आइपुग्नु भयो । त्यो रात हामीसँगै बस्यौं । रात छिप्पिदासम्म पनि हामी दुई दुःखसुखका कुरा गरेर बसिराख्यौं । कलावतीको विहे २०६४ साल फागुन १४ गते डबल महतारासग भएको थियो । तराईमा जन्मेकी, हुर्केकी थारु परिवारकी एउटा केटीले बिकट हुम्ला जिल्लाको क्षेत्रीसग विहे गर्नु चानचुने कुरा थिएन । विहे भएको २ वर्षपछि यतिबेला वहाँ डबलको घरमा जानु भएछ । त्यहाँ ६ महिना बस्नु भएछ । वहाँले मसँग देशको पछिल्लो राजनीति, पार्टीले खेलेको भूमिकालाई लिएर चिन्ता व्यक्त गर्नु भएको थियो । ...दिदी, जनयुद्धका मूल्यमान्यता त्यसै हराएर जाने त होइनन ? भन्नुस् त हामी कता हरायौं । आयाम दाइ जस्तै हजारौं सहिदहरूले देखेको सपना यो त होइन । साँच्चै भन्नुहुन्छ भनें दिदी आजभोलि मलाई असाध्यै चिन्ता लाग्छ । वहाँले सोधेका प्रश्न र जिज्ञासाहरूको उत्तर दिने कोसिस गरेकी थिए । वहाँले सोधेका कैयौं प्रश्नहरूको उत्तर म सग पनि थिएनन् । तै पनि मैले निराश नहुन भनेकी थिए । कलावतीसगको मेरो त्यही भेट नै अन्तिम भेट रहेछ ।*

नेपाली साहित्यका पाठकहरूका लागि लु सुन(ल्यू सुन,लु श्यून) नौलो नाम होइन । 'आह क्युको साँचो कथा' र 'एक बौलाहाको डाइरी' जस्ता अमर आख्यान कृतिहरू लगायत यिनका थुप्रै फुटकर रचनाहरू नेपालीमा अनुवाद भएका छन् । लु सुनका कृतिहरूलाई नेपालीमा अनुवाद गर्नेहरूमा साहित्यकार शान्तदास मानन्धर अग्रणी रहिआएका देखिन्छन् । यसले गर्दा नेपालका साहित्यकारहरूमा लु सुनप्रतिको प्रेमभाव सहजै बोध गर्न सकिन्छ मात्र होइन यसबाट लेखकसाहित्यकारहरू आफ्ना देशकालका सीमाभन्दा पनि माथिका हुँदा रहेछन भन्ने पनि सन्देश मिल्दछ ।

हाम्रो छिमेकी देश चीनका आधुनिक र प्रगतिशील साहित्यका जनक लु सुन ई.सं. २५ सेप्टेम्बर १८८१का दिन चीनको पूर्वी प्रान्त झेजियाङको शाओशिङको मध्यमवर्गीय परिवारमा जन्मेका थिए । यिनी परिवारका चार छोरामध्येका जेठा छोरा थिए । यिनी जन्मले झाऊ शुरेन(झाऊ झ्याङशाउ,युशान) थिए । यिनका बाजे झाऊ फिजिङ बेइजिङमा माथिल्लो तहका कर्मचारी थिए । यिनका बुबा झाऊ बोयी समाजका प्रतिष्ठित कन्फ्यूसियेली बुद्धिजीवीमा गनिन्थे । झाऊ यिनको पैतृक थर थियोभने लु यिनको मातृक (मावली ) थर थियो । आफ्नी आमाको साहस र दृढ सेवाभावनाले यिनी आमाप्रति सँधै नतमस्तक हुन्थे । आमाको त्यही ऋण तिर्न कर्मले यिनी ३७ वर्षको वयमा लु सुन बने किनकि यिनको लालनपालन , शिक्षादीक्षा र संस्कार निर्माणमा सुसंस्कृत आमा लु रुईकै सर्वोपरी भूमिका रह्यो ।

यिनको जन्मताका चीन अर्धसामन्ती र अर्ध औपनिवेशिक राज्य थियो । क्विङ राजवंशको नेतृत्वको राज्यसत्ता भ्रष्टाचारी र कमजोर थियो तर साम्राज्यवादी शक्तिहरूको प्रभुत्व बढदो थियो । भ्रष्टाचारको आरोपमा बाजेको जागिर गयो ,७ वर्षको जेल सजाय पनि भोग्नु पऱ्यो र वर्षेनी तोकिएको जरिवाना तिर्नुपर्ने भयो । जरिवाना नतिर्दा फाँसी देलान् भन्ने डर भयो र सकिनसकि जरिवानाको जोहो पनि परिवारले गर्नै पऱ्यो । यिनताकै यिनका बुबा झाऊ बोयीलाई क्षय रोगले गाँजिसकेको थियो । तिनताका क्षयरोग दुर्दमनीय रोगको कोटीमा पर्दथ्यो । थला परेका बाबु बोयी कहिल्यै उठन सकेनन् ओछ्यानबाट । एकातिर क्षयले थलिएका बाबुको उपचार अर्कोतिर भ्रष्टाचारको आरोपमा जेलमा थुनिएका बाजेको रेखदेख । समाजमा जोरीपारी सब टाढिँदै गए ,भएको सिरिखुरी सब रित्तिँदै गयो । मुखेञ्जी ठिक्क पारेनि परोक्षमा सबले टीकाटिप्पणी गर्थे,कुरो काटथे भ्रष्टाचारीका सन्तान भनेर । तर आमा लु रुईले तमाम विपत्ति झेलेर पनि परिवारलाई सम्हालिन् । कान्छो छोरो बालखैमा बितेपनि तीन छोराहरूको लालनपालन र शिक्षादीक्षाको बन्दोवस्त पनि मिलाइन् । शहरमा टिक्न नसकेर यिनको परिवार फेरि गाउँ फर्क्यो । किशोर सुरेनको कलिलो मष्तिष्कमा परिवारको यो स्थितिले गहिरो छाप छोड्यो । बिरामी बुबाको उपचार हुन नसकेकोले परम्परागत चिनियाँ चिकित्सा पद्धतिउपर यिनको विश्वास टुट्यो । बाजेउपर लागेको भ्रष्टाचारको बातले चित्त कुँडियो । माध्यमिक शिक्षा यिनले शाओशिङमै प्राप्त गरे । यहीं यिनले अङ्ग्रेजी र जर्मनेली भाषा पनि सिके र पश्चिमा साहित्यसँग यिनले चिनारी गर्ने मौका पाए । जोन स्टुअर्ट मिलको 'स्वाधिनताबारे',अल्डस हक्सलेको 'विकासवाद र नैतिकता',वाल्टर स्कटका उपन्यास र कविताहरू तथा ह्यारिओट स्टोवको 'अंकल टम्स केबिन' पढेपछि परम्परागत कन्फुसियसको विचारको घेरो नाघेर पश्चिमा विचारप्रति यिनको झुकाउ बढदै गयो । माध्यमिक शिक्षापछि यिनी छात्रवृत्ति पाई आधुनिक चिकित्सा विज्ञानको अध्ययन गर्नका लागि १९०२ मा जापानको सेण्डाई शहरमा पुगे । चिकित्सा विज्ञानको अध्ययनका सिलसिलामा एक दिन त्यहाँका शिक्षकले युद्धसम्बन्धी एउटा वृत्तचित्र देखाए । तिनताका जापान र रुसको युद्ध पनि चलिरहेको थियो । त्यस वृत्तचित्रमा रुसीहरूको लागि गुप्तचरी गरेको आरोपमा पाता फर्काएर बाँधेर एक चिनियाँ सैनिकलाई जापानी सैनिकहरूले मरणान्त हुनेगरी कुटिरहेका थिए र अरु चिनियाँहरू त्यो दृश्य हेरेर पेट मिचिमिचि हाँसिरहेका थिए । यो दृश्य देखेर यिनी निकै मर्माहत भए । मन छियाछिया भयो । थुक्क चिनियाँहरूको बुद्धि ! यस्तो परचक्री ठाउँमा आफ्ना देशका मान्छे कुटिँदा पनि खित्का छाडेर कसरी हाँस्न सकेका ! कुटिने चिनियाँलाई देखेर हाँस्ने चिनियाँहरू मोटाघाटा र बलियाबाङ्गा थिए । त्यसैले यिनलाई लाग्यो –चिनियाँहरूलाई शारीरिक उपचारको होइन मानसिक उपचारको खाँचो छ । तिनमा चिनियाँ बन्धुत्व र चिनियाँ राष्ट्रवादको भावना छैन । चिनियाँहरूको मानसिक उपचार साहित्यबाट मात्र हुन सक्दछ । यस्तो ठहरका साथ यिनी सेण्डाईको चिकित्सा विज्ञानको पढाइ छाडी साहित्य पढन टोकियो हानिए । यिनको जीवनमा यो एउटा यस्तो महत्वपूर्ण मोड थियो जसले यिनमा राष्ट्रियताको भावना जागृत गर्न हेतु साहित्यको भोक जगाइदियो । चार वर्षे टोकियो बसाइमा यिनले पूर्वी युरोपेली र रुसी तथा स्लाविक कथाहरू,पोल्याण्डेली नोवेल प्राइज (१९०५) हेनरिक सिन्केविजका कृतिहरू लगायत विज्ञान र दर्शनका बौद्धिक जागरणका केही कृतिहरू चिनियाँ भाषामा उल्था गरे । टोकियोप्रवासमै रहँदा यिनी क्विङ शासनविरोधी गतिविधिमा पनि लागे ।

१९०९ मा चीन फर्केपछि यिनी विद्यालय शिक्षक बने । विद्यार्थीकालदेखिनै जागरणसम्बन्धी विभिन्न लेखहरू लेख्न थालेका यिनले १९०९मा पहिलो कथा 'फर्केर हेर्दा' लेखे । १९११ को राजतन्त्रविरोधी आन्दोलनमा बुद्धिजीवीहरूको नेतृत्व गर्दै यिनी सक्रिय भएर लागे । डा.सन यात् सेनको नेतृत्वको गणतान्त्रिक आन्दोलनको सफलतापश्चातको सरकारमा यिनले शिक्षा मन्त्रालयमा विभिन्न महत्वपूर्ण पदमा रही शैक्षिक नेतृत्व सम्हाले । तर गणतान्त्रिक क्रान्तिले अपेक्षित सफलता पाउन सकेन । साम्राज्यवादी शक्तिहरूको दबदबा झनझन बढदै गयो । मुलुक गृहयुद्धमा होमियो । समाजमा चरम शोषण व्याप्त थियो । विश्वका साम्राज्यवादी शक्तिहरू युद्धमा होमिएका थिए । उता रुसमा समाजवादी क्रान्तिको सफलताले थिचिएकामिचिएका चिनियाँ जनतामा स्वतन्त्रताप्रति ठूलो उत्साह जगाइदिएको थियो । यस्तैमा यिनले लु सुनको छद्म नामबाट साम्राज्यवाद र सामन्तवादविरोधी कथा 'एउटा बौलाहाको डायरी' लेखे । यही कथाबाट चीनको आधुनिक कथा साहित्यको थालनी भएको मानिन्छ । साम्राज्यवादीहरूले विश्वयुद्धको समापनतिर चीनको भागवण्डा गर्न लागेका थिए । *बाँकी ७ पेजमा*

## ❑ विनोद सहयात्रीका दुई कविता

### मुठ्ठी कस

❑ विनोद सहयात्री



तिमी मुठ्ठी कस,
हेर !
उसले कसि सक्यो
हामी पनि कस्छौ अब
तपाईं पनि कस्नुस् ।

मुठ्ठीभित्र साहस र संकल्प भरौं
सुन्दर सपना र भविष्य कोरौं
विद्रोहका मुठ्ठी हुन् यी
विद्रोहका मुठ्ठी
त्याग र बलिदानको उर्जा भरौं

हो अब केही गरौं
यो मुर्दा शान्तिको जिउँदो लास
बन्ने कहिलेसम्म ?
भ्रष्ट, दलाल, माफियाको शासन
सहने कहिलेसम्म ?

खारेज गरौ राष्ट्रघाती एमसीसी
गाडौं झण्डा लिम्पियाधुरामा
पर्खाल लगाऔं सिमानामा
अब अभिमान होइन
स्वाभिमानका लागि लडौं
देशको माया हुनेहरू एक भइ उठौं
विश्वका कुना काप्चा पुगोस् आवाज
शक्तिशाली आवाज उरालौं !

### एक झिमिकमा

एक झिमिकमा
बदलिसकेछन्
दृश्यहरू,
पात्र र सम्बन्धहरू,
पर्दाहरू
खेल र खेलाडीहरू,
बदल्ने र खेलाउने
भएपछि अरु नै

बदलिने रहेछन्

त्यी
रातारात
रक्सी उहीं
बोतल फेरिएझै

पपेट र प्यारासाइट
केवल घोडा
अन्तै हुन्छ लगाम
अन्तै हुन्छ रिमोट कन्ट्रोल
फगत ती हुन् प्यादा

# सुन्दरप्रसादको स्वर्ग यात्रा



● पि.पि. आचार्य ●

सुन्दरप्रसादजी उपसचिवसम्म हुन सकेका नेपाल सरकारका निस्कलङ्क निजामती कर्मचारी भए पनि सानातिना मानवीय कमजोरीबाट मुक्त भने थिएनन् । उनी घुस कमिसन खाँदैनन्, भ्रष्टाचार गर्दैनन् भन्दा आम मानिसहरू पत्याउन गाह्रो मान्थे । यो कुरो उनले पनि थाहा पाएका थिए र एकदमै दुःखी पनि हुन्थे । समाजमा कर्मचारीको स्वच्छ छवि बन्न नसकेकामा पिरोलिन्थे भुट्भुटिन्थे । परिस्थिति यस्ता निर्माण हुन्थे कि बेला बेला उनका मनमा समेत शोर्षफोर्स लगाएर मालदार ठाउँमा सरुवा हुने इच्छा जागृत हुने गर्थे, तर उनी त्यस्ता इच्छालाई काबुमा राखेर दबाउँथे । यसो गर्नमा सादा जीवन उच्च बिचार राख्न रुचाउने उनकी मिजासिली श्रीमतीको पनि ठुलो हात थियो । उस्तै श्रीमती परेकी भए उनको शान शौकतै भिन्नै हुन्थ्यो । उनको पावर बढेर सरकार फेरबदल गर्न सक्नेसम्मको हैसियत राख्ने भैसक्थे होलान् । उनी साथीभाइसँग बसेर साँझपख चुश्कि लाउने अनि बिदाका दिन म्यारिज खेल्ने पनि गर्थे । हाकिमले महिला कर्मचारीहरूसँग ठट्यौली गरेको, काम बिकाम दशौं पटक आफ्नो कार्यकक्षमा महिला कर्मचारीहरूलाई बोलाएको देखेर उनी पनि आफू हाकिम हुन पाए त्यसै गर्न पाइने कल्पनामा डुब्थे बेला बेला ।

एक दिनको कुरो हो - उनका एकजना साथीले छुट्टै एउटा म्यारिज खेल्ने ठाउँमा पुऱ्याएछन् । सधैं दुई रूपैयाँ/पाँच रूपैयाँ र दशैं तिहारमा यसो दश रूपैयाँ प्वाइन्टसम्म खेल्ने गरेका सुन्दरप्रसादजी त्यहाँ हजार रूपैयाँ प्वाइन्ट म्यारिज खेलेको देखेर साह्रै चकित परेका थिए । त्यस ठाउँमा कुन अड्डा, अदालतका कर्मचारी, कुन ठेकेदार/बिचौलिया, कुन नेता एवम् तिनका अघौटे पछौटे, कुन प्रहरी प्रशासनका अधिकारी, कुन डन वा टोले गुण्डाहरू खेल्दै थिए होला भन्ने सबैलाई थाहा भइराखेकै कुरा भएर यहाँ उल्लेख गरीरहनु सान्दर्भिक नहोला ।

अँ फेरि लागौं हाम्रा सुन्दरप्रसादजी तिरै । उनी एक घण्टाभन्दा बढी त्यहाँ बस्न सकेनन् । उनलाई आफू पनि त्यसरी नै हजार रूपैयाँ प्वाइन्ट म्यारिज खेल्न पाए हुन्थ्यो जस्तो लागिरह्यो । उनी मनमनै कुरा खेलाउन थाले । त्यतिबेला उनले ठ्याक्कै आफ्ना फुपाजुलाई सम्झे । फुपाजुका सम्धी काङ्ग्रेसका ठुला नेता । काङ्ग्रेसकै नेतृत्वको सरकार ! उनको शोर्ष लाइमागेर मालदार ठाउँमा सरुवा हुन पाए त, भन्दै उनी घर पुगे । बेलुका श्रीमतीसँग यस बिषयमा सल्लाह पनि गरे । तर उनकी श्रीमतीले उनलाई नाना तरहले सम्झाइबुझाई गरिन् र उनले मालदार ठाउँमा सरुवा हुने बिचार त्यागिदिए । मालदार ठाउँहरू कुन कुन हुन् भन्ने पनि सबैले जाने बुझेकै कुरो भा'को भएर यहाँ दर्शाइरहनै परेन ।

सुन्दरप्रसादजी उनन्चालिस वर्ष पुगेका मात्रै के थिए, एक दिन उनलाई अचानक झन्झनी रिङ्टा लाग्यो । उनी भुइँमा ढले । उनकी श्रीमतीले हत्तपत्त उनलाई अस्पताल पुऱ्याइन् । ल्याब रिपोर्टबाट थाहा भयो- उनको सुगर पनि प्रेशर पनि निक्कै माथि पुगिसकेको रहेछ । उनकी समझदार श्रीमतीले उनको खानपिनमा नियन्त्रण गर्ने, ब्यायाम गराउने, नियमित औषधि सेवन गराउने गर्न थालिछिन् । उमेर हद नाघेपछि जागिरबाट पनि अवकाश पाए । तर उनको स्वास्थ्य अवस्था भने राम्रो नै रह्यो । नब्बे वर्षको छेउछाउ पुग्दा समेत उनलाई सुगर प्रेशर बाहेक अरू कुनै रोगले छोएनन् । यसमा उनको आफ्नोभन्दा उनकी श्रीमतीको ठुलो हात थियो । यो कुरा उनले पनि राम्ररी नै महसुस गरेका थिए र श्रीमतीलाई बारम्बार धन्यवाद दिइरहन्थे । त्यस्ती समझदार एवम् गुनीली श्रीमती पाएकामा आफूलाई भाग्यमानी ठान्थे र गर्वले पुलङ्कित पनि हुने गर्थे ।

दशा बाजा बजाएर आउँदैन भन्ने भनाइले सुन्दरप्रसादजीको जीवनमा पनि सार्थकता पायो । तिर्थ जाने क्रममा गाडी दुर्घटना हुँदा उनका श्रीमान श्रीमती एकै चिहान भए । छिन भरमै यमदूतहरूले उनीहरूलाई यमलोक पुऱ्याई हाले । उनीहरूको पालो आएपछि यमराजले चित्रगुप्तलाई उनको खातामा भएको रेकर्ड अनुसारको उनीहरूको विवरण सुनाउन लगाए । चित्रगुप्तको विवरण सुनिसकेपछि यमराजले सुन्दरप्रसादजीलाई नर्क र उनकी श्रीमतीलाई स्वर्ग पठाउनु भनेर आदेश दिएछन् । त्यसपछि चित्रगुप्तले बिन्ती गरेछन्, 'महाराज ! यो सुन्दरप्रसादले तास त खेल्यो तर जुवाको रूपमा घर ब्यवहारै बिगार्ने गरी तास खेलेन । हजार रूपैयाँ प्वाइन्ट म्यारिज खेल्ने, मालदार ठाउँमा सरुवा भएर घुस/कमिसन खाने, भ्रष्टाचार गर्ने बिचार मात्रै गर्यो ; काम गरेन । रक्सी पिए पनि अदबका साथ पियो । श्रीमतीको सल्लाह मानीरह्यो ; गलत बाटोमा लागेन । महिलाहरूमाथि दुर्ब्यवहार गर्ने बिचार तुरुन्तै त्यागो । अतः हाम्रो न्याय बिधान अनुसार यसलाई एक हप्ता नर्कमा राखेर स्वर्ग पठाउनु पर्छ ।' चित्रगुप्तको कुरो सुनेपछि यमराजले भनेछन्, 'यसले अरूहरूले जस्तो श्रीमतीका राम्रा र ब्यवहारोपयोगी सुझावहरूलाई अक्षरसः पालना गरेको रछ त्यसैले यसलाई एक हप्तासम्म नर्कमा राखुञ्जेल कुनै सजाय नदिनू । अनि यसकी श्रीमतीलाई हाम्रो अतिथि कक्षमा राख्नू ।'

सुन्दरप्रसादजीले सात दिन नर्क बस्दा नर्कमा जानु परेका अन्य मानिसहरू कोही निर्बस्त्र नाङ्गै भएर बस्नु परेको, कसैलाई आराले चिर्दै गरेको, कसैका मुखमा इँटा, ढुङ्गा, रोडा,बालुवा कोच्याउँदै गरेको, कसैलाई कसैलाई कुकुरको पिसाबमा चोबेर तीन बुक तास छिटो खाइसक! भनेर हप्काएको, कसैलाई कौडा चपाउन लगाएको, कसैलाई मान्छेकै मलमुत्र खुवाउँदै गरेको, कसैलाई भकभक उम्लेको तेलमा चोब्दै निकाल्दै गरेको जस्ता सजायका बिभत्स घटना देखेछन् । उनको एक हप्ता नर्कबासको सजाय भुक्तान भएर उनलाई यमलोक ल्याइएछ । यमलोक आइपुग्ने बित्तिकै आफ्नी श्रीमतीका कारण आफू त्यस्तो बिभत्स एवम् क्रुर सजायबाट बञ्चित हुन पाएकोमा श्रीमतीलाई मुरी मुरी धन्यवाद दिदै श्रीमतीको खुट्टा समेत ढोगेछन् । त्यसपछि चित्रगुप्तले उनीहरूलाई स्वर्ग पठाई दिएछन् । स्वर्गमा इन्द्रादि देवताहरूले उनीहरूको भब्य स्वागत गरेछन् ।

एकछिनको आराम गराइ र भलाकुसारीपछि देवताहरूले उनीहरूलाई भोजन गृह लगेछन् । त्यहाँ स्वर्गका अनुपम स्वादका मिठाइहरू रहेछन् । श्रीमतीले कपाकप मिठाइ खान थालिछिन् तर सुन्दरप्रसाद हच्केछन् । त्यो देखेर इन्द्रले सोधेछन्, 'सुन्दरप्रसाद ! तिमीले किन मिठाइ नखाको ?' उनले जवाफ दिएछन्, 'इन्द्रदेव ! मलाई सुगर भा'को छ ।' इन्द्रले भनेछन्, 'सुन्दरप्रसाद ! यो स्वर्ग हो । यहाँ सुगर लागेकाले जति मिठाइ खाए पनि हुन्छ । केही फरक पर्दैन । गुलिया मिठाई खान खुब रुचाउने सुन्दरप्रसादले अघाउँजी मिठाई खाएछन् । त्यसपछि इन्द्रले सुन्दरप्रासादलाई अर्को ठुलो बैठक कोठामा पुऱ्याएछन् । त्यहाँ देवताहरू म्यारिज खेलीरहेका रहेछन् । अनि इन्द्रले सुन्दरप्रसादलाई भनेछन्, 'तिमी नेपालबाट आएका हौ त्यसैले आज हामी तिमीसँग नेपाली रूपैयाँमा म्यारिज खेल्छौं । भन कति रूपैयाँ प्वाइन्ट खेल्ने ?' सुन्दरप्रसादले डराइ डराइ दस रूपैयाँ प्वाइन्ट भनेछन् । त्यो सुनेर इन्द्रले हाँस्दै भनेछन्, 'धत लाटा ! तिमीलाई हजार रूपैयाँ प्वाइन्ट खेल्न मन लाग्या थियो होइन ? लु बस ! उ तिम्रो पैसा त्यहाँ छ ।' इन्द्रले आफ्नो पैसा हेरे । लाख लाखका बीस गड्डी रहेछन् । सुन्दरप्रसादले जमेर हजार रूपैयाँ प्वाइन्ट म्यारिज खेले र झण्डै तीन लाख जति जितेछन् पनि ।

साँझ पर्न थालेपछि स्वर्गमा मदिरा सेवन समय हुँदो रहेछ । सुन्दरप्रसाद मदिरा सेवन गर्न अलि हच्केको देखेर इन्द्रले भनेछन्, 'यो स्वर्ग हो । पृथ्वीमा जस्तो यहाँ मदिरा सेवन गर्न धक मान्नु पर्दैन । स्वर्गमा धेरै मदिरा सेवन गर्दा कुनै लाज हुँदैन । पिऊ! खुब पिऊ !' सुन्दरप्रसादले पनि धक फुकाएर मदिरा सेवन गरेछन् । मदिरा सेवन गरिसकेपछि नृत्यशालामा जानु पर्दो रहेछ । एक से एक सुन्दरी अप्सराहरू तालमा ताल मिलाएर नाचिरहेका हुँदा रहेछन् । हाम्रा सुन्दरप्रसादजी पनि लठ्ठ परेर अप्सराहरूको नृत्य हेर्न थालेछन् । एकछिन पछि त दुइटी अप्सरा आएर उनका दुई हातमा समातेर तानेर लगेर उनलाई बिचमा पारेर नचाउन थालेछन् । नाच्दै गर्दा बेला बेला हुने अप्सराहरूसँगको स्पर्शले उनी लाजले भुतुक्कै हुँदा रहेछन् । त्यो देखेर इन्द्रले उनलाई सम्झाउँदै भनेछन्, 'सुन्दरप्रसाद ! यो स्वर्ग हो । यहाँ त्यसरी लाज मान्नु पर्दैन । तिमीहरूको पृथ्वीमा जस्तो यहाँ कसैसँग बात पनि लाग्दैन । नाच ! मज्जाले नाच !' त्यसपछि त सुन्दरप्रसादजी झुमेर नाच्न थालेछन् । नृत्य सिद्धिनासाथ सुन्दरप्रसाद आफ्नी श्रीमती छेउ पुगेछन् र श्रीमतीका गालामा पटापट चार चड्कन लगाएछन् । त्यो देखेर इन्द्र कड्केछन्, 'सुन्दरप्रसाद ! यो स्वर्ग हो । यहाँ पृथ्वीमा जस्तो बिना कारण श्रीमती कुट्न पूर्ण रूपले बर्जित छ । अब तिमीलाई कडा दण्ड दिइनेछ । यो सुनेर सुन्दरप्रसादले भनेछन्, 'हे इन्द्रदेव ! मैले यसलाई अकारणै चड्कन हानेको होइन । मसँग पर्याप्त कारणहरू छन्, प्रभु ।'

इन्द्रले फेरि कड्किँदै भनेछन्, 'तिम्रा कारणहरू पेश गर ।' त्यसपछि सुन्दरप्रसादले भनेछन्, 'हे स्वर्गाधिपति ! मलाई उनन्चालिस वर्षको उमेरमै सुगर प्रेशर दुइटैले भेटीसकेको थियो । यो दुष्टाले मलाई पथ परहेजमा नराखेकी भए, ब्यायाम नगराएकी भए, गुलिया मिठाइ खान, धक फुकाएर मदिरा सेवन गर्न दिएकी भए म लगभग पैंतालिस वर्षकै उमेरमा स्वर्ग आइपुगीसक्ने रहेछु, इन्द्रदेव ! तर यस पापिनीले मलाई झण्डै अरू पैंतालिस वर्ष उतै पृथ्वीमै रोकेर राखी । धन्न धन्न गाडी दुर्घटना भैदियो र मात्रै नत्र त यस पिशाचिनीले मलाई अझै कति वर्ष उतै बँचाएर राख्ने थिई । म स्वर्गको यो बैभव एवम् आनन्द लुट्न पाउने थिइन, महाराज ! अतः यो मेरी परम शत्रु हो महाराज ! यसले कडाभन्दा कडा दण्ड सजाय पाओस्, इन्द्रदेव ! दण्ड मलाई होइन यस अपराधिनीलाई दिइयोस् !' यो सुनेर इन्द्रले भनेछन्, 'तिम्रो तर्क एकदमै सही छ । ढुक्क होऊ ! तिम्री श्रीमतीले तिमीले चाहे अनुसारको दण्ड सजाय पाउनेछिन् ।'

## धर्मनिरपेक्षता...

धर्मनिरपेक्ष बन्न पुगेको थियो । विज्ञानले धर्मको मनगढन्ते विचारलाई अस्विकार गऱ्यो र धर्मका ठेकेदारहरूको अन्यायपूर्ण कृयाकलापलाई समाजले पचाउन छोड्यो । यसरी धर्म निरपेक्षताको सिद्धान्त अगाडि आएको हो । धर्मनिरपेक्ष राज्यको अर्थ धर्मले राजकीय मामिलामा हस्तक्षेप गर्न नपाउने र राज्यले पनि धार्मिक विधि-विधान सम्पन्न गर्नमा बाधा नगर्ने सिद्धान्त हो । वास्तवमा धर्म निरपेक्षताको सिद्धान्त सामन्तवादको विरुद्धको लडाईमा पुँजीवादले अभ्यास गरेको सिदान्त हो । पुँजीवादी ब्यवस्थामा अभ्यास भएको यो सिद्धान्तलाई १९१७ को रुसी अक्टोबर समाजवादी क्रान्ति पछि बनेका समाजवादी मुलुकहरूले विरासतका (भिनबअथ) रूपमा अपनाएका हुन । यसबाट के बुझ्नु पर्दछ भने सच्चा कम्युनिष्टहरू जसले गरेको भए प्रगतिशील कार्यहरूको विरोधगर्दैनन् बरु अपनाउन सक्तछन् । तर कम्युनिष्टका खोल ओडेका र नेतृत्वमा पुगेका यथास्थितिवादी तथा ब्राह्मणवादीहरूले अन्ततः आफ्नो जातीय अनुहार" देखाएका छन् । त्यसरी नै प्रजातन्त्रवादीको खोल ओढेका यथास्थिति र पुनउत्थानवादी नेतृत्वले पनि "धर्मनिरपेक्षता" लाई हटाउने खेल गरेका छन् ।

***३) धर्म निरपेक्षताको बचाउ किन गरिनु पर्छ ?***

ङ राजा महेन्द्रले २०१९ सालको संविधानमा "हिन्दु राजालाई हिन्दु राज्य"को घोषणा गरेका हुन । राजतन्त्र हटेपछि पनि पश्चगामी तत्वहरू राजतन्त्रको पुनस्थापना र हिन्दु राज्यको सपना देख्तैछन् । भारतमा हिन्दु अतिवादीहरूको (वि.जे.पी.) साकार बनेको छ । यहाँका पश्चगामी तत्वहरूले भारतीय अतिवादीहरूको पुट पाएका छन् । विदेशी अतिवादको बुई चढेर नेपाली जनताले आन्दोलनबाट प्राप्त गरेको गणतन्त्रलाई मास्ने नियतबाट धर्मनिरपेक्षताको विरोध गर्दैछन् । नेपाली जनताले यस प्रकारको पश्चगामी विचार र विदेशी चलखेलको विरुद्ध दृढतापूर्वक संघर्ष गर्नु पर्दछ ।

ङ त्यसरी नै यथास्थितिवादीहरूले धर्म निरपेक्षता हिन्दु धर्मको विरुद्ध ल्याइएको हो भन्ने आरोप लगाउने गरेका छन् । यिनै तत्वहरूले कथित संविधानसभा २ को निर्वाचन मञ्चन गरी बनाएको संविधान २०७२ मा धर्मनिरपेक्षको स्पष्टिकरण दिएर हिन्दु राज्यको कानुन लागु गरेकाछन् । मुलुकको धार्मिक सद्भाव खल्बल्याएर आफ्नो रानीतिक अभिष्ट पुरा गर्ने यो गलत प्रवृत्ति हो । यसका विरुद्ध सचेत नागरिकले संघर्ष गर्नु पर्दछ ।

ङ नेपालको पहिचान भनेको हिन्दुहरूको पहिचान हो, ८१ प्रतिशत हिन्दु भएको मुलुक हिन्दुराज्य हुनु पर्दछ भन्ने तर्क गरेर नेपालको बहुजातीय र बहुधार्मिक पहिचानलाई गुम्राहा गर्ने तत्वहरू पनि छन् । तर सत्य के हो भने (क) नेपालमा आदिवासी जनजाति ३८ प्रतिशत, पहाडी क्षेत्री-बाहुन २८ प्रतिशत, दलित (पहाड र तराई)१३ प्रतिशत, मधेसी १७ प्रतिशत र धार्मिक अल्पसंख्यक (मुस्लिम)४ प्रतिशत छन् । (ख) नेपालमा जाति, भाषा र धार्मिक जनगणना भएकै छैन । अहिलेको जनसंख्याको गणना टाउको गनाई मात्र हो । राजा महेन्द्रले हिन्दु राज्य बनाउन हिन्दु धर्म ८१प्रतिशत र खसभाषालाई राज्यको भाषाबनाउन ५१ प्रतिशतको गणाना(क्तबतष्कतष्अक) निकालेका थिए । २०६८को जनगणनामा पनि हिन्दु ८१ प्रतिशत नै कसरी सम्भव भयो ? जबकि नेपाल जनजाति महासंघले २०४७ मै घोषणा गरेको थियो कि नेपालका जनजातिहरू हिन्दु होइनन् । त्यो संथाले त्यसैवखतदेखि धर्म निरपेक्षताको ओकालत गर्दै आएको पनि छ । (ग) ने.का.ले २०१२ को राष्ट्रिय सम्मेलनबाट नेपाल धर्मनिरपेक्ष राज्य हुनु पर्छ भन्ने पारित गरेको थियो । २०४७ सालको संविधान निर्माणमा एमालेले धर्म निरपेक्षता सहितको २७ बुँदे फरक मत राखेको थियो । एमाओवादीले धर्म निरपेक्ष र गणतन्त्रकै नारा दिएर संविधानसभा १ को निवाचन जितेको थियो । उक्त निवाचनमा मधेशवादी दलहरूको निर्वाचन घोषणापत्रहरूमा धर्म निरपेक्षताकै पक्षमा ओकालत गरिएका थिए । तर तिनीहरू नै अहिले प्रत्यक्ष वा परोक्ष धर्मनिरपेक्षताको विरोधमा उभिएका देखिन्छन् । तसर्थ हिन्दु राज्यले मात्र नेपालको पहिचान जोगिन्छ भन्नेका विरुद्ध दृढतापूर्वक सच्चा क्रान्तिकारी तथा न्याय प्रेमी जनताले संघर्ष गरेर नै बहुजाति, बहुभाषिक र विविध धर्म-संस्कृतिको रक्ष गर्न सकिन्छ । (घ) संविधानसभा १मा वामपंथीहरूको प्रतिनिधित्व ६२ प्रतिशत थियो र उनीहरू नै सरकारमा हुँदा कसरी ८१ प्रतिशत हिन्दुहरू २०६८ को जनगणनामा देखाईयो ? यसले के देखाँउछ भने ती बामका खोल ओढेका हिन्दुहरू हुन । यस प्रकारको नक्कली वामका विरुद्ध संघर्ष गरेर धर्म निरपेक्षताको रक्षा गरिनु पर्दछ । (ङ) धर्म निरपेक्ष राज्य भएकोले क्रिश्चियन धर्म फैलिएको भन्ने आरोप लगाईदैछ । नेपालमा क्रिश्चियनधर्मको लामो इतिहाँस रहेकोछ । हिन्दु धर्मलाई सिरानी हालेर शासन गर्ने ब्रह्मणवादीहरूको राज्य हुँदा नै त्यो धर्म फैलिएको थियो र अहिले त्यसमा थप भएकोछ । क्रिश्चियनको मात्र नभएर हिन्दुहरूको पनि जनसंख्या बढेकोछ । तलको तालिकाले सन् २००१ को तुलनामा २०११मा क्रिश्चियन र हिन्दु धर्मको जनसंख्या बढेको तर बौद्ध र पिरात धर्म मान्ने जनसंख्या घटेको देखाएकोछ ।

तसर्थ अरुलाई गाली गरेर आफु चोखो बन्ने नगर्नु नै बुद्धिमानी हुन्छ ।

● धर्म निरपेक्षताको विरुद्ध भारतीय जनता पार्टीले नेपालको दार्चुलादेखि झापासम्म २०० स्कुल सञ्चालन गरेकोछ । पैसाको खोलो फर्काएकोछ र ओली, शेर बहादुर देउवा, कमल थापा, खुम बहादुर खड्का जस्ता राजनीतिक भरौटेहरू समेत तयार पारिएका छन् ।

***५) कम्युनिष्ट र धर्म निरपेक्षता :***

धर्मका ठेकेदारहरूले चेतनालाई (आत्म, इश्वर,आदि) आदितत्व मान्दछन् र चेतनाले नै (ईश्वर) जगतको (पदार्थ) जन्म र सञ्चालनसमेत गर्दछ भन्ने अपार्थिव विचार राख्दछन् । तर उक्त विचारको (विश्वदृष्टिकोण) विपरित पदार्थलाई आदित्व मान्ने, पदार्थबाट नै चेतनाको उत्पत्ति भएको भन्ने; पदार्थ सास्बत छ, गतिशील छ र जगतमा त्यसवाहेक अन्य कुनै किसिमको अलौकिक वा पारलौकिक शक्तिको अस्तित्व छैन भन्ने दार्शनिकहरू भौतिकवादी हुन् । गतिशील पदार्थ बाहेक अन्य कुनै कुराको अस्तित्व नभएको यस जगतमा ईश्वरको कुनै स्थान नहुने भएकोले इश्वर मान्ने धर्मसँग भौतिकवादको कुनै साईनो रहँदैन ।

भौतिक जगतलाई गतिशील, विकशित र नवीन रूपमा हेर्ने भौतिकवादी दृष्टिकोणलाई मार्क्स-एङ्गेल्सले सामाजिक जिवनको ऐतिहासिक विकासको नियमहरूको अध्ययन गर्ने सिद्धान्तको रूपमा लागु गरे, जसलाई ऐतिहासिक भौतिकवादी सिद्दान्त भनिन्छ । यो सिद्दान्त अनुसार "सामाजिक स्थितिले सामाजिक चेतनाको निरूपन गर्दछ ।" यस दृष्टिकोणबाट हेर्दा इश्वर मान्ने धर्म वास्तविकताको विकृत र कपोलकल्पित प्रतिविम्ब हो भन्ने प्रष्ट हुन्छ ।

तर शोषक वर्गीय दार्शनिकहरूले धर्म (इश्वर) सर्वकालिक हुन्छ र धार्मिक भावना मानिसको प्राकृतिक गुण हो भन्ने शिद्ध गर्न खोज्छन् । वास्तविकतामा भने सामाजिक विकासको निश्चित चरणमा मात्र धर्मको उत्पत्ति भएको थियो ।

● कम्युनिष्ट पार्टीले धर्मलाई कहिल्यै पनि आफ्ना सदस्यहरूको ब्यक्तिगत मामिला ठान्दैन । लेनिनले के लेखेका छन् भने हामी राज्यसितको सम्बन्धमा धर्म व्यक्तिगत मामिला हुनु पर्दछ भन्ने माग गर्दछौं तर हामी आफ्नो पार्टीसितको सब्बन्धमा धर्मलाई कुनै हालतमा पनि ब्यक्तिगत मामिला भन्न सक्तैनौं । धार्मिक उत्पीडन लगायत हर प्रकारको बौद्धिक उत्पीडनको विरुद्ध कठोर संघर्ष गर्न पार्टीले कम्युनिष्टहरूलाई स्थायी रूपमा आहान गर्दछ । यसको साथै पाटीले धर्मको विरुद्ध संघर्षलाई समाजवाद र साम्यवादको लागि सर्वहारावर्गको वर्गीय संघर्षका आम लक्षहरूसित सम्बन्धित तुल्याउदछ । धर्मको वर्गीय आधार अर्थात शोषण तथा जनसाधरणहरूको सामाजिक उत्पीडनमा अडेको पुँजीवादी समाजलाई नै निर्मूल पार्नु धर्मको उन्मूलनको निम्न मुख्य शर्तहो भन्ने कम्युनिष्ट पार्टीले ठान्दछ ।

● यस प्रकारको मार्क्सवादी-लेनिनवादी पार्टीहरू कतिछन् नेपालमा ? यस विषयमा कुनै विश्लेषणको जरुरी छैन, केवल ८१ प्रतितशत हिन्दुको तथ्याङ्क हेरे पुग्छ, सही कम्युनिष्ट कति छन्, हिन्दु कम्युनिष्ट कति छन् ?

**तालिका**

**धर्मको आधारमा जनसंख्या वितरण (प्रतिशतमा)**

| धर्म | २००१ | २०११ |
|---|---|---|
| हिन्दु | ७९.६ | ८१.६ |
| बौद्ध | १०.७ | ९.० |
| ईस्लाम | ४.२ | ४.४ |
| किराँत | ३.६ | ३.१ |
| क्रिश्चियन | ०.५ | १.४ |
| अन्य | १.४ | ०.५ |
| **जम्मा** | **१००.०** | **१००.०** |

***४) धर्म निरपेक्षता किन उल्टाउन खोजिदैछ ?***

ङ हामीले माथि नै भनिसकेका छौं नेपालमा कम्युनिष्ट र नेपाली कांग्रेस धर्म निरपेक्षताको पक्षमा थियो । मधेसवादी दलहरूले पनि धर्म निरपेक्षतालाई स्वीकारेका हुन । विभिन्न धार्मिक, जातीय र सामाजिक संघ संगठनहरूले पनि धर्म निरपेक्षताको माग गरेका हुन् । उक्त कारणहरूले गर्दा नै स्थापित भएको धर्मनिरपेक्षतालाई किन उल्टाउन खोजिदैछ ?

● ने.का.का अहिलेको नेतृत्व यथास्थितिवादी/बाहुनवादीहरूले गरेका छन् ।

● एमाले र एमाओवादीको नेतृत्व पनि यथास्थितिवादी /बाहुनवादीहरूले गरेका थिए ।

● ने.क.पा.(२) को सरकारको प्रधानमन्त्री हिन्दुराज्यको पक्षमा र संघीयताको विरुद्ध कस्सिएर लागेकै थियो ।

● भारतका प्र.म.नरेन्द्र मोदीलाई नेपालमा हिन्दु राज्य बनाउनु छ र यहाँको सरकारको नेतृत्व गर्नेहरूलाई मोदीबाट प्रधान मन्त्रीको कुर्शीको आशिर्वाद चाहिएकोछ ।

***६) धर्म निरपेक्षता र ब्यवहार***

नेपालको अन्तरिम संविधान (२०६३) को धारा ४(१)ले नेपाललाई धर्म निरपेक्ष राज्य माने पनि धारा ७(२)ले गाईलाई राष्ट्रिय जनवार भनेको थियो । धर्मनिरपेक्ष राज्य भएको नौ वष सम्म पनि हिन्दु राज्यको पञ्चायती ऐन, कानुनलाई संशोधन गरिएन तसर्थ आरक्षणमा धर्म निरपेक्ष भनिए पनि यथार्थमा मुलुक धर्म निरपेक्ष बनेकोछैन । अहिले त्यही आवरणलाई पनि हटाउने कोशिष भएकोछ । धार्मिक स्वतन्त्रताको नाममा हिन्दु राज्यको कानुन लागु गर्ने षड्यन्त्र भईरहेकोछ । हामीले के बुझ्नु पर्दछ भने ब्यक्तिलाई धार्मिक स्वतन्त्रता हुन्छ तर राज्य धर्मनिरपेक्ष हुनु पर्छ । अन्यथा गरिने कुरालाई मान्नु गलत हुनेछ । तसर्थ

क) धर्म निरपेक्ष राज्यको पक्षमा दृढ संघर्ष आवश्यक छ ।

ख) गाई राष्ट्रिय जनवार हुन सक्तैन ।

ग) धर्म निरपेक्षताकै आधारमा नेपालका ऐन, कानुनहरू निर्माण गरिनु पर्दछ ।

घ) गुठी संस्थान खारेज गरिनु पर्छ, राज्य कोषबाट मठ, मन्दिर चलाईनु हून्न ।

***७) विट मारनी***

धर्म निरपेक्ष राज्य भनेको राज्यले कुनै पनि धर्मको पक्ष नलिनु अर्थात धर्मका विषयमा निरपेक्ष/तटस्थ (लभगतचबा) रहनु हो । धर्म निरपेक्षताको सिद्धान्त भनेको राज्यबाट सबै धर्मप्रति समानता र सम्मानजनक व्यवहार गरिनु हो । राज्यले कुनै धर्मलाई काखा र कुनै धर्मलाई पाखा पार्ने नीति अर्थात एउटै धर्मलाई काखी च्यापेर अन्य धर्ममाथि विभेदकारी नीति लागु गर्न नपाईने सिद्धान्त हो । धर्म निरपेक्षको विकल्पमा धार्मिक स्वतन्त्रता वा अन्य शब्दावली प्रयोग गर्ने कुरो धर्म निरपेक्षताको विरोधी विचार हो, धर्म-सापेक्ष राज्यको विचार हो । त्यस्तो विचारको खण्डन गरिनु पर्दछ । धर्म निरपेक्ष राज्यको विकल्प होइन, बरु त्यसको रक्षाको निम्ति लोकतन्त्र र धार्मिक सद्भावका पक्षधरहरूले दृढतापूर्वक संघर्ष गर्नु नै अहिले को आवश्यक्ता हो ।

*srtamang@gmail.com*
२०७८/०५/०४

## कार्यकारी...

दिवस-२१ मार्च)को अवसर पारेर काठमाडौंमा गर्ने जानकारी प्राप्त भएको छ ।

गत ५ गते बसेको बैठकले संगठन छाडेका र क्रियाशील नरहेका मोर्चा केन्द्रीय सदस्यहरूलाई केन्द्रिय सदस्यबाट हटाइएको छ । जसमा हरि घतानी (मकवानपुर), राम आश्रय राम (पर्सा), रेखा रम्तेल (काठमाडौं), जितेन्द्र लम्साल (परासी), चक्र बहादुर पार्की (डढेल्धुरा), रमेश बिक (बाजुरा), जीवन मंग्राती(काभ्रेपलाञ्चोक), अनिल परियार (नवलपुर), आसमान (दैलेख), बालाकृष्ण अक्षामी (नवलपुर) रहेका छन् । रित्त केन्द्रीय समितिमा ११ जनालाई थप गरिएको छ । जसमा क. जित बहादुर नेपाली (सिन्धुली), क. आवेग (काठमाडौं), क. जितमान घतानी (रामेछाप), क. सुजन रम्तेल (धादिङ्ग), क. सत्यनारायण राम (रौतहट), क. पनिलाल राम (रौतहट), क. बेदराज दियाली (काठमाडौं), क. धर्म दियाली (दार्चुला), क. विर बहादुर विश्वकर्मा (प्रवास), क. राजु मंग्राती (दोलखा), क. उमा विसुन्के (ललितपुर)लाई केन्द्रीय समितिमा थप गरिएको छ ।

मोर्चाको केन्द्रीय समितिको बैठकले पारित गरेका जानकारीहरू विज्ञप्ति मार्फत सार्वजनिक गरीएको छ ।

## लु सुन...

जर्मनीको अधिनमा रहेको चीनको भूभागलाई भर्सेलिज सन्धिमार्फत् जापानलाई हस्तान्तरण गर्न लागेका थिए । साम्राज्यवादीहरूको उक्त षडयन्त्रका विरुद्ध चिनियाँ राष्ट्रवादी बुद्धिजीवीहरू तथा विद्यार्थीहरू सशक्त रूपमा विरोधमा उत्रिए । चीनको इतिहासमा यो विद्रोह मई ४को आन्दोलनका रूपमा अंकित छ । यसआन्दोलनकाअगुवाहरूमाअधिकांशत वामविचारका योद्धाहरू थिए । लु सुन यस आन्दोलनमा अग्रपंक्तिमा रहे । तिनै योद्धाहरूमध्येका अगुवा योद्धा प्राध्यापक ली दा झाओको नेतृत्वमा १९२१मा चीन कम्युनिष्ट पार्टीको स्थापना भयो । यिनताकै यिनले 'आह क्युको साँचो कथा' लेखे । यिनी आजीवन चीनको स्वाधिनताका लागि साहित्यसंस्कृतिको मोर्चाबाट सक्रिय भइरहे । यिनका माहिला भाई पनि साहित्य संस्कृतिको मोर्चामा लागिरहे । निबन्धकारका रूपमा चिनियाँ साहित्यमा परिचित यिनका माहिला भाई भित्रभित्रै जापानी साम्राज्यवादीसँग मिलेका रहेछन् । यसको भेउ पाएपछि भाइसँग यिनको सम्बन्ध बिग्र्यो । जापानविरोधी युद्धका बेला तिनी राष्ट्रद्रोहको आरोपमा गिरफ्तार गरिए र १४ वर्षको जेल सजाय पाए । १९४९मा सम्पन्न जनवादी क्रान्तिपछि कम्युनिष्ट पार्टीले तिनको निन्दा गर्दै बाँकी कैद मिनाहा गरिदियो । यिनका कान्छा भाइ कम्युनिष्ट पार्टीका सक्रिय सदस्य रहे । उनी पार्टीको केन्द्रिय समितिको सदस्यहुँदै उपाध्यक्षसम्म भए । तर लु सुन आफ्नो जीवनकालभरि कम्युनिष्ट पार्टीको सदस्य बनेनन् तर पार्टीको हरेक आन्दोलनमा सक्रियतासाथ लागि रहे । गणतान्त्रिक सरकार स्थापना भइसकेर पनि मुलुक विदेशी प्रभुहरूको चङ्गुलबाट मुक्त हुन नसकेकोले एक प्रसङ्गमा यिनले रोष प्रकट गर्दै भने ,"१९११को गणतान्त्रिक क्रान्ति असफल भयो ।अब चीनमा कथित गणतन्त्र रहेन । मलाई लाग्दछ ,क्रान्ति अघि हामी कमारा थियौं र क्रान्तिको तत्कालपछि हामी कमाराहरूबाट ठगियौं र हामी तिनको कमारा बन्यौं ।" १९२८ मा यिनको चिनारी समाजवादी साहित्यसँग भयो । राजनीतिबाट परै रहने यिनको भ्रम टुट्यो र यिनले भने,"क्रान्तिकारी साहित्यले मात्र आमूल परिवर्तन ल्याउन नसक्ने रहेछ । त्यसका लागि त क्रान्तिकारी योद्धाहरू नै चाहिने रहेछ ।" राष्ट्रवादी चिनियाँ जनतामाझ लु सुनको लोकप्रियता बढदै गयो । जापानको कठपुतली सरकारको तारो बने यिनी । यिनलाई लक्षित गरी सरकारले साँस्कृतिक दमन गर्न थाल्यो । वामपन्थी साँस्कृतिक आन्दोलनको पक्षमा जनसमर्थन बढदै गयो । १९३०मा यिनी संघाईमा स्थापित चिनियाँ वाम लेखकहरूको लिगको सर्वमान्य अध्यक्ष भए । १९३१मा कोमिन्ताङ सरकारले पाँच जना युवा लेखकहरूको हत्या गऱ्यो । दमनबाट जोगिन यिनी भूमिगत भए । हत्या गरिएका लेखकसाथीहरूको सम्झनामा यिनले कोमिन्ताङ सरकारको विरोधमा अत्याचारी शासनको खेदो खन्दै 'चिनियाँ सर्वहारा साहित्य र अग्रगामी लेखकहरूको रगत' र 'अँध्यारो चीनमा कलासाहित्यको वर्तमान स्थिति' नामक लेखहरू लेखे । संघर्षका यी वर्षहरूमा कोमिन्ताङ सरकारले डेढ लाखभन्दाबढी चिनियाँ क्रान्तिकारीहरूको हत्या गऱ्यो । तर यिनको संघर्षशील उत्साह कहिल्यै मत्थर भएन ,बरु मृत्युपर्यन्त जुझिरहे । १९ अक्टुबर १९३६का दिन क्षयरोगका कारण यिनको मृत्यु भयो । आजीवन चीनको स्वाधीनताका लागि जुझेर पनि यिनले चीन स्वतन्त्र भएको दिन देख्न पाएनन् तर माओ जे डुङको नेतृत्वको 'लामो अभियान' शानशी आइपुगेकोमा हर्षले विभोर हुँदै यिनले विदेशी पत्रकार स्मेडलीमार्फत् माओलाई बधाई सन्देश पठाउँदै भने ,'चीन र मानवताको आशा तपाईँउपरनै टिकेको छ ।'

माओले यिनलाई चीनको सर्वहारा साँस्कृतिक क्रान्तिका सर्वोच्च कमाण्डर माने । स्वतन्त्रता आन्दोलनमा यिनको योगदानको उच्च मूल्याङ्कन गर्दै मृत्योपरान्त यिनलाई पार्टीको मानार्थ सदस्यता प्रदान गऱ्यो । चीनका गोर्की भनेर पनि चिनिने गरेका यिनको नाममा चीन सरकारले लु सुन साहित्य पुरस्कारको स्थापना गरेको छ । विद्यालयका विभिन्न तहका पाठ्यक्रममा यिनका साहित्यिक रचनाहरू समावेश गरिएका छन् ।कान्छा भाईको छोरीले लेखेको 'मेरो ठूलो बुबा लु सुन' भन्ने बाललेख प्राथमिक पाठ्यक्रममा रहेको छ । यिनका नाममा एस्टेरोइड समूहको एउटा ताराको पनि न्वारान गरिएको छ । बुध ग्रहको खाल्डोलाई पनि चिनियाँ वैज्ञानिकहरूले यिनकै नामबाट न्वारान गरेका छन् ।जापानी विद्यालयहरूमा पनि यिनका कृतिहरूको पठनपाठन हुने गरेको छ । जापानी नोवेल प्राज्ञ (१९९४) केन्जाबुरो ओएका शब्दमा यिनी बिसौं शताब्दीका महान एसियाली लेखक हुन् । तर ताईवानमा भने १९८० सम्म यिनका रचनाहरू प्रतिबन्धित नै थिए । यिनका कतिपय रचनाहरू एडगर स्नो र निम वेल्सले अङ्ग्रेजीमा अनुवाद गरेका छन् ।याङ शियन र ग्लाडिज याङको संयुक्त सम्पादनमा अंग्रेजी भाषामा यिनका प्रतिनिधि रचनाहरू चार खण्डमा संगृहित छन् ।

## क्रान्तिकारी...

निधनले नेपालको क्रान्तिकारी कम्युनिस्ट आन्दोलनमा गम्भीर क्षति पुगेको जनाउनु भएको छ ।

पार्टी सम्बद्ध इन्जिनियरिङ विभागका सदस्य समेत रहनु भएका महर्जनको कोभिडका कारण ६५ बर्षको उमेरमा बिहीबार नर्भिक अस्पतालमा निधन भएको थियो ।

कमरेड महर्जनप्रति श्रद्धाञ्जली व्यक्त गर्दै शोक वक्तव्यमा शोक सन्तप्त परिवारजनमा गहिरो समवेदना प्रकट गरिएको छ । ललितपुरको हरिसिद्धि निवासी महर्जनका दुई श्रीमती, दुई छोरा र पाँच छोरी रहेको वक्तव्यमा उल्लेख गरिएको छ ।

## प्रदेश...

संघर्षका कार्यक्रमहरू सञ्चालन गर्ने लगायतका निर्णयहरू गरिएका छन् । बैठकले कालोबजारी, भ्रष्टाचारी, भूमाफिया, शिक्षा तथा स्वास्थ्य क्षेत्रका माफियाहरूका विरुद्धका संघर्षका कार्यक्रममा जोड दिएको छ ।

४ नं प्रदेशमा पनि भदौको ११ र १२ मा बैठक सम्पन्न भएको छ । पार्टी स्थायी समिति सदस्य राजवीरको विशेष उपस्थितिमा भएको बैठकले संगठन र संघर्षका कार्यक्रमलाई लक्षित गरेर महत्वपूर्ण निर्णय गरेको छ । पार्टी केन्द्रले लिएका निर्णयहरूलाई प्रदेश र जिल्ला तहमा कार्यान्वयनका लागि भएको बैठकले दुई महिने कार्यक्रम बनाएको पार्टी पीवीएम तथा प्रदेश सेक्रेटरी किशोरले जानकारी दिनुभयो । सेक्रेटरी किशोरका अनुसार भदौ र असोजभित्र जिल्लाहरूमा अन्तर्क्रिया कार्यक्रमहरू गर्ने, भेला प्रशिक्षणहरू सम्पन्न गर्ने, पार्टी, संयुक्त मोर्चा र जबस मोर्चाका बैठकहरू सम्पन्न गर्ने, जिल्लाको सापेक्षतामा राष्ट्रिय स्वाधीनता र जनजीविकाका समस्याहरूलाई लिएर संघर्ष सञ्चालन गर्ने, पार्टी सदस्यता नवीकरण गर्ने, पार्टी, संयुक्त मोर्चा तथा जबस मोर्चाका संगठनहरूलाई सुदृढ र विस्तार गर्ने लगायतका निर्णयहरू गरेको छ । बैठकले सन् १९९२ मा मणिपाल अस्पताल र नेपाल सरकारबीच भएको सम्झौता विपरीत मेडिकल माफियाहरूलाई अस्पताल विक्री गरेको समाचारहरूको विषयमा थप अध्ययन गरी सम्झौता विपरीत विक्री गरेको ठहरिए त्यसका विरुद्ध सशक्त आवाज उठाउने समेत निर्णय गरेको छ । त्यसका लागि एक अध्ययन टोली समेत बनाएको सेक्रेटरी किशोरले जानकारी दिनुभयो ।

यता प्रदेश ५को पनि ११ र १२ भदौमा नै बैठक सम्पन्न गरिएको छ । बैठकले संगठन सुदृढीकरण र विस्तारका साथै जनसंघर्ष, वर्गसंघर्ष र प्रतिरोध संघर्षमा जोड दिएको छ । पार्टी, संयुक्त मोर्चा, जबस मोर्चाका बैठकहरू भदौ महिनाभित्र सम्पन्न गर्ने, राष्ट्रिय स्वाधीनता, जनजीविकाका विषयलाई लिएर प्रदेशमा केन्द्रित र जिल्ला जिल्लामा विकेन्द्रित संघर्ष सञ्चालन गर्ने समेत बैठकले निर्णय गरको छ ।

उता प्रदेश १ का इन्चार्ज मिनकुमार राउतले दिएको जानकारी अनुसार प्रदेश १ को बैठक भदौं २० र २१ मा सुनसरीको इटहरीमा राखिएको छ । पार्टी केन्द्रको निर्णयलाई प्रदेश र जिल्लाहरूमा प्रभावकारी कार्यान्वयनका लागि ठोस ठोस निर्णयहरू गरिने इन्चार्ज राउतले बताउनु भयो ।

उता ६ नं. प्रदेशको १२ भदौमा बैठक सम्पन्न भएको खबर छ भने ७ नं. प्रदेशको बैठक पनि चाँडै सम्पन्न हुने जनाइएको छ ।

नेकपा (क्रान्तिकारी माओवादी)ले देशव्यापी रूपमा संगठन सुदृढीकरण, विस्तार र संघर्षको कामलाई एकसाथ अगाडि बढाउने तयारी गरेको छ । नेपाली कम्युनिस्ट आन्दोलनमा क्रान्तिकारी धारको नेतृत्व गर्दै आएको क्रान्तिकारी माओवादीले वर्तमान संसदीय व्यवस्थाको विकल्पमा संघीय जनगणतन्त्र स्थापनाका लागि संघर्ष गर्ने नीति लिदै आएको छ । पार्टीको पछिल्लो केन्द्रीय समितिको बैठकले पहिचानमा आधारित संघीय राज्य संरचनाहरू समेत ब्यूँताउने निर्णय गरेको छ ।

**वर्गदृष्टि र मूलबाटोको लागि लेख, रचना समाचार र विज्ञापन पठाउनेसम्बन्धी सूचना**

१ लेख, रचना एक हजार (१,०००) शब्दमा नबढाइ, टाइप गरेर पत्रिकाको इमेलमार्फत पठाउन हुन अनुरोध गरिन्छ ।
२. समाचार पठाउँदा सकभर सम्बन्धित समाचार झल्कने फोटो अनिवार्य समावेश गर्नुपर्ने छ ।
३. लेख, रचना पठाउँदा शनिबार बेलुकीसम्म उपलब्ध गराई सहयोग गर्नु हुन अनुरोध छ ।
४. समाचारको हकमा आइतबारको २ बजे अगाडि उपलब्ध गराइदिनु हुन अनुरोध छ ।
५. विज्ञापनमा हुन सक्ने गल्तीलाई रोक्न विज्ञापनदाताको सहमतिमा टाइप गरेर सूचना उपलब्ध गराउने ।
६. पत्रिका प्राप्त भइसकेपछि फोन, इमेल वा एसएमएस गरेर व्यवस्थापक वा सम्पादकलाई जानकारी गराइदिनु हुन अनुरोध छ ।
७. प्रत्येक अंकको भुक्तानी उक्त महिनाको अन्तमा उपलब्ध गराइदिनु हुन अनुरोध गरिन्छ ।

**सम्पर्क नाम र फोन नम्बर**
**व्यवस्थापक: हुकुमबहादुर सिंह (९८५१०७६८६४)**
**सम्पादक: इन्द्र बहादुर राउत (९८५११३४८३०)**
**इमेल : bargadristi073@gmail.com**

कर्णाली प्रदेश संवाददाता- दिनेश बुढा (९८६८००५८२४)

## आलोपालो

# नेपालको कृषिमा महिलाको भूमिका

❑ गंगादेवी राई

***१) विषय उठान***

नेपाल एक कृषि प्रधान देश हो। कृषि कर्ममा महिलाको अहम् भूमिका रहेकोछ। तर नेपालमा कृषि गरिने जमिनमा महिलाहरूको अधिकार छैन। जबसम्म भूमिमा महिलाको समान अधिकार स्थापित गर्न सकिदैन त्यो अबस्थासम्म कृषि उत्पादनमा अधिकतम मात्रामा वृद्धि गर्न सकिन्न। राज्यले आइएलओ १६९, सिड, जस्ता विश्वसस्थाबाट स्थापित नीतिलाई स्वीकार गरिसकेको छ तर ती सम्झौता, महासन्धि आदि, लाई कार्यन्वयन गरिएको छैन जस्को प्रभावकारी कार्यन्वयन गर्नमा जोड दिनु अति आवश्यक देखिन्छ। भूमिमा महिलाहरूको समान स्वामित्व हुँदा महिलाको आर्थिक , सामाजिक पक्षमा मात्र सुधार नभई लैङ्गिक समानतामा पनि सकारात्मक प्रभाब पर्नेछ। भूमिमा महिलाको समान स्वामित्व नहुनुमा राज्यको पुरुष प्रधान सोचबाट बनेका कानुनलेगर्दा हो भन्ने कुरामा दुईमत छैन। राज्यमा हिन्दु कानुन र हिन्दु संस्कार हावी रहदासम्म महिलाको हक र अधिकार प्राप्ति हुनसक्तैन, प्रभावकारी महिलामुखी भूमिसुधार पनि हुन सक्दैन र महिलाहरूको भूमिमा समान स्वामित्व नभए सम्म कृषिमा आधारित मुलुकको सामाजिक र आर्थिक सुधार पनि हुन सक्दैन। जवसम्म भूमि लगायत अन्य प्राकृतिक स्रोतमा श्रमगर्ने गरीव-किसान र महिलाको समान स्वामित्व रहदैन तवसम्म मुलुक खाद्य अभाव र भोकको चपेटामा गम्भीर रूपले फस्ने सम्भावना रहन्छ। यसमध्य पनि गरिबी र भोकमरिको चपेटामा सबैभन्दा बढि महिला र वाल-वालिका पर्ने सम्भावना देखिन्छ। यतिवेला विश्वको ५१ प्रतिशत गरिव मानिस दक्षिण एसियामा वस्ने अनुमान रहेको छ। त्यसमा पनि ग्रामिण क्षेत्रका महिला, गाउँले श्रमिक, मजदुर, भूमिहिन तथा दलितहरू नै बढि गरिवीबाट पिल्छिएका छन्। यही कारण यिनीहरूलाई भूमिमा पहुँच पुर्‍याउन अति आवश्यक रहेको छ।

***२) उत्पादनमा महिलाको भूमिका***

नेपालको कूल जी.डी.पी.मा एक तिहाई भाग ओगटेको कृषि कार्यमा देशको ६७ प्रतिशत सक्रिय जनसंस्या आश्रित रहेको तथ्यलाई हेर्दा अर्थतन्त्रको प्रमुख आधार कृषिलाई मान्न सकिन्छ। कृषि कार्यमा पुरुष र महिलाका औसत योगदानको चर्चा गर्दा पुरुषको भन्दा महिलाको भूमिका महत्वपूर्ण रहँदै आएको देखिन्छ। बढ्दो बसाईसराई र विदेश पलायनका कारण कृषि पेशामहिलाले सम्हालेका छन्। कृषि

**तालिका हेरौं**

| | कृषिमा रोजगारी (प्रतिशतमा) | | |
|---|---|---|---|
| | **पुरुष** | **महिला** | **जम्मा** |
| पहाडी ब्राह्मण | ४६.६ | ७२.९ | ५९.२ |
| पहाडी क्षेत्री | ६०.७ | ८१.६ | ७१.५ |
| तराई ब्राह्मण/क्षेत्री | ३७.६ | ४६.८ | ३९.६ |
| अन्य तराईका जातहरू | ६१.०० | ७८.०० | ६५.९ |
| पहाडी दलित | ५४.७ | ८२.१ | ६९.३ |
| तराई दलित | ६४.१ | ७८.९ | ६९.४ |
| नेवार | २९.५ | ५०.९ | ३९.७ |
| अन्य पहाडी जनजाति | ६४.९ | ८०.५ | ७२.९ |
| तराई जनजाति | ६१.३ | ८०.८ | ६९.८ |
| मुस्लीम | ५१.०० | ७३.८ | ५७.८ |
| अन्य | ५४.९ | ८०.८ | ६६.३ |
| जम्मा | ५७.१ | ७७.९ | ६६.६ |

*Source: National Population and Housing (Cesus-2011)*

उत्पादनका लागि भूमिको आवश्यक हुन्छ। भूमि भन्नाले जमिन मात्र नभएर जल, जंगल पनि हो। जबसम्म जल,जंगल र जमिनमा महिलाको *बाँकी ४ पेजमा*


# लागुऔषधरहित परिवार : स्वस्थ जीवनको आधार

लागुऔषधले मानिसको शारीरिक तथा मानसिक स्वास्थ्य बिग्रन्छ, लागुऔषधको उत्पादन, सञ्चय, ओसारपसार, बिक्रीवितरण तथा सेवन कानुनतः दण्डनीय छ। गैरकानुनी गतिविधिमा आफू पनि नलागौं, अरुलाई पनि लाग्न नदिऔं। स्वस्थ र सुखी परिवारको लागि लागुऔषध दुर्व्यसनलाई निरुत्साहन गरौं।

नेपाल सरकार

**विज्ञापन बोर्ड**








**प्रकाशक** : वर्गदृष्टि मिडिया प्रा.लि., **प्रबन्ध निर्देशक** : हुकुमबहादुर सिंह, **सम्पादक** : इन्द्रबहादुर राउत, **फोटो**: जय दाहाल, **कार्यालय** : काठमाडौं-१०, बुद्धनगर **सम्पर्क नं.** : ९८५१०७६८६४, ०१-५२६०११२ **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं।